जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ३०, २०७७ साल चैत २७ गते शुक्रबार, नेपाल संवत् ११४१ (April 9, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## काठमाडौं विश्वकै प्रदूषित सहर

काठमाडौं । तुवाँलोले उपत्यकामा वायु प्रदूषण बढाएको मौसमविद्हरूले बताएका छन् । यो भनाइलाई वातावरण विभागको आँकडाले पनि पुष्टि गरेको छ । स्विटजरल्याण्ड मुख्यालय रहेको आईक्यूएअरका अनुसार सोमबार काठमाडौंको वायु प्रदूषण विश्वकै ठूला सहरहरूभन्दा बढी पाइएको छ ।

पोलुनस डट जीओभी डट एनपीका अनुसार काठमाडौं उपत्यकाको भक्तपुरमा एअर क्वालिटी इन्डेक्स बाँकी ८ पेजमा


## एशोसिएशनको अध्यक्षमा प्रधान

काठमाडौं । नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनको अध्यक्षमा लिलेन्द्रप्रसाद प्रधान निर्वाचित भएका छन् । प्रधान नेतृत्वको प्यानलले अध्यक्षका प्रत्यासी नवीनचन्द्र श्रेष्ठसहितको प्यालनलाई हराएको हो । प्रधान यसअघि पनि एशोसिएशनको अध्यक्ष थिए ।

यस्तै वरिष्ठ उपाध्यक्षमा सुनिलकुमार गुरुङ, प्रथम उपाध्यक्षमा विनोदकुमार चौरसिया, द्वितीय उपाध्यक्ष सुनिलकुमार विडला, सचिवमा हिमाल गैरे र सहसचिवमा श्यामकुमार बुढाथोकी निर्विरोध निर्वाचित भएका छन् भने महासचिवमा विश्वप्रसाद अर्याल, कोषाध्यक्षमा चतुर्भुज सरिया निर्वाचित भएका छन् ।

# राजनीतिक अस्थिरता अझै लम्बिने संकेत

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले ओली सरकारविरुद्ध अविश्वासको प्रस्ताव नल्याउँदा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्न सकेको छैन । ओली सरकारको अवस्था न पहिलेजस्तो बलशाली छ, न विपक्षीहरूले सोचेजस्तो कमजोर नै । कांग्रेसले आफ्नो नेतृत्वमा नयाँ सरकार बनाउने औपचारिक निर्णय नै गरेको छ । माओवादी केन्द्र पनि ओली सरकारलाई दिएको समर्थन फिर्ता लिन तयार छ । तर यी दुई दलको समीकरणले मात्र नयाँ सरकार बन्न सक्दैन । प्रतिनिधिसभामा कांग्रेससँग र माओवादीसँग ४९ सांसद छन् । लेखराज भट्ट, टोपबहादुर रायमाझी लगायत ४ जनाले माओवादी केन्द्र छाडेर ओली नेतृत्वको एमालेमा प्रवेश गरिसकेका छन् । यसरी दुई दल मिलेर संसदमा १ सय १२ सांसद संख्या मात्र पुऱ्याउन सक्छन्, जबकि सरकार परिवर्तन गर्न एक सय ३३ सांसद आवश्यक पर्छन् ।





३५ सिट भएको जनता समाजवादी पार्टीले समर्थन नगरेमा अविश्वासको प्रस्ताव फेल नहुने मात्र होइन, ओली सरकार झन् बलियो हुनेछ । किनकि एकपटक प्रस्ताव असफल भएमा एक वर्षसम्म अर्को प्रस्ताव ल्याउन नपाइने संवैधानिक व्यवस्था छ । त्यसैले जनता समाजवादी पार्टीको समर्थन नपाएसम्म अविश्वास प्रस्ताव ल्याउन आत्मघात हुन्छ भन्ने कांग्रेसको बुझाइ छ । त्यसैले कांग्रेस पहिले जसपाको समर्थन जुटाउन प्रयत्नशील छ । तर जसपाबाट सकारात्मक सन्देश समेत पाएको छैन । जसपामा पनि दुई धार छन्, महन्थ ठाकुर, राजेन्द्र महतो लगायतका पूर्व राजपावालहरू ओलीसँग सहकार्य गर्न घनिभूत छलफल गरिरहेका छन् । उनीहरूले संविधान संशोधन, मधेस आन्दोलनका आन्दोलनकारीहरूको मुद्दा फिर्ता र रिहाइ, रेशम चौधरीलाई सफाइ दिई जेलमुक्त गर्ने लगायतका मागहरू सरकारसमक्ष अघि सारेका छन् । उनीहरूका माग सम्बोधन गर्न सरकारले गृहमन्त्री रामबहादुर थापा बादलको नेतृत्वमा वार्ता टोली गठन गरेर संवाद गरिरहेको छ । जसपाको पूर्वसंघीय समाजवादी पार्टीका नेताहरू भने ओलीसँग कुनै पनि हालतमा सहकार्य नगर्ने पक्षमा छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्रको विवादका कारण पुस ५ गते जनताको वारेस प्रतिनिधिसभालाई राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत विघटन गराएका थिए । प्रधानमन्त्रीको यस्तो कदमलाई जसपाले पनि असंवैधानिक भन्दै आन्दोलन गरेको थियो । सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटनलाई बदर गरेपछि प्रधानमन्त्री ओली नैतिक संकटमा परेका थिए । उनले नैतिकताका आधारमा राजीनामा दिनेछन् भन्ने आम अपेक्षा गरिएको थियो तर ओलीले सर्वोच्चको निर्णयलाई 'सामान्य घटना' भन्दै प्रधानमन्त्रीको कुर्सी छोडेनन् । तिनै ओलीसँग सहकार्य गर्दा जनतामा गलत सन्देश जाने र राजनीतिक भविष्य डावाडोल हुने जपसा नेताहरू डा.बाबुराम भट्टराई र उपेन्द्र यादवहरूको विश्लेषण छ ।

माओवादीले समर्थन फिर्ता लिएमा केपी ओली नेतृत्वको सरकार तत्कालै अल्मतमा पर्नेछ । त्यस्तो अवस्थामा प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्नेछ । यस्तो अवस्थामा १ सय २० सिट भएका ओलीले ३५ सिट भएको जसपाका पूरै वा आधा मात्रै पनि संसदको समर्थन जुटाउन सकेमा सरकार सुरक्षित हुनेछ । यसरी प्रधानमन्त्रीले आफूमाथि विश्वासको मत छ भनेर संसदबाट प्रमाणित गराएमा प्रतिपक्षीहरूका सबै सम्भावनाहरू समाप्त हुनेछन् । एकपटक विश्वासको मत प्राप्त गरेपछि लगत्तै अविश्वासको प्रस्ताव ल्याउने राजनीतिक तथा नैतिक सम्भावना पनि समाप्त हुनेछ । ओली अझ बलशाली हुनेछन् । त्यसैले जसपाले ओलीको विपक्षमा मत हाल्छ भन्ने सन्देशको पर्खाइमा छ माओवादी । तर जसपाले त्यस्तो संकेत दिने देखिएको छैन । माओवादीले समर्थन फिर्ता लिएमा वा कांग्रेसले अविश्वास प्रस्ताव दर्ता गरेमा ओली सरकार बचाउन वा ढाल्न जसपा निर्णायक बाँकी ८ पेजमा

## एमनेस्टीको प्रतिवेदन के भन्छ ?

काठमाडौं । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्था एमनेस्टी इन्टरनेसनलले सन् २०२० मा विश्वका एक सय ४९ मुलुकको मानव अधिकार अवस्था मंगलबार एकैसाथ सार्वजनिक गरेको छ। एमनेस्टीले गत वर्ष नेपालमा नागरिक स्वतन्त्रता कुण्ठित हुने घटना बढेको निष्कर्ष दिएको छ।

संस्थाले महामारीका बेला नागरिकप्रति न्यूनतम जिम्मेवारी पनि पूरा नगरी कठोर रूपमा लकडाउन लागू, विदेशमा भएका कामदार अलपत्र, क्वारेन्टिनमा अमानवीय व्यवहार, भोकले मृत्यु र बलात्कार, आवाज उठाउने नागरिकमाथि अत्यधिक बल प्रयोग, विपन्नका घरमा राज्यले नै आगो लगाइदिएको विषयमा चिन्ता व्यक्त गरेको छ ।

प्रेस स्वतन्त्रतालाई कुण्ठित पार्ने र नागरिक आवाज दबाउन नेपाल सरकार उद्यत् भएको एमनेस्टीको ठहर छ। बाँकी ८ पेजमा

# रोकिएन सीमा अतिक्रमण

काठमाडौं । गुलरिया नगरपालिका–८ बाँसीको सीमावर्ती जंगल २०३६ सालसम्म नेपालका वनकर्मीले जाँच गर्थे । उक्त घना जंगल अहिले भारतको कब्जामा छ। नेपालमा राजनीतिक उथलपुथलको मौका छोपी २०४१ सालदेखि भारतले जंगलसहितको जमिन कब्जा गरेको स्थानीय बताउँछन् ।

गुलरिया–६ का ७५ वर्षीय एरसद अहम्मदले भारतीय वनकर्मीले कब्जा गर्दै करिब ७ सय मिटर भूभाग नियन्त्रणमा लिएको बताए । 'बाँसीको जंगलमा जंगे पिलरलाई सिमाना मानेर वारि नेपाली वनकर्मी र पारि भारतीय प्रहरीले गस्ती गर्थे । अब जंगे पिलर भएको ठाउँ घना जंगल भएका कारण त्यहाँ कोही पनि जाँदैनन्,' उनले भने, 'हेर्दाहेर्दै हाम्रो भूभागमा भारतीय एसएसबीको क्याम्प बसेको छ ।'

२०६२ सालसम्म सलारपुर आउजाउ गर्ने बाटो नभएको सुरजपुरका सियाराम लोधले बताए । तर त्यही वर्ष भारतीय वनकर्मीले जबर्जस्ती नेपाली भूभागमा एकतर्फी सडक निर्माण गरी त्यसैलाई सिमाना कायम गरेको उनको भनाइ छ। सशस्त्र द्वन्द्वकालमा गुलरिया–१० को नेपाल–भारत सीमा छुट्याउने दशगजामा भारतले एकतर्फी रूपमा पक्की सडक निर्माण गरेको हो ।

भारतको सडक विभागअन्तर्गत पब्लिक वर्क डिभिजन (पीडब्लूडी) ले सडक बनाएको थियो । सीमास्तम्भ नम्बर ६१ रहेको त्यो स्थानमा सडकसँगै भारतीयले पक्की घर पनि निर्माण गरेका छन । उक्त सडकसँग भारतको बहराइच जिल्ला जोड्ने राजमार्ग जोडिएको छ ।

गुलरियाका थपुवा, खालेपुरुवा र चौगुर्जी, राजापुर नगरपालिकाको सत्तार फारामलगायत सीमामा भारतीयबाट अतिक्रमण भएको छ .। भारतीय सुरक्षाकर्मीले बर्दियाको राजापुरस्थित मुख्य सीमास्तम्भ ९७ र ९८ बीचको करिब ५ बिघा नेपाली भूभाग अतिक्रमण गरेको छ। बाँकी ८ पेजमा

# सांसदमाथि कारबाही, संसदीय राजनीति नै कमजोर

काठमाडौं । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को आन्तरिक कलहले मुलुककै राजनीतिलाई प्रदूषित बनाएको छ । सर्वोच्च अदालतको फागुन २३ को फैसलाले एमाले र माओवादी केन्द्रलाई पूर्ववत् अवस्थामा पुऱ्याइदिएपछि यी दुवै दलभित्र कारबाहीका श्रृंखलाहरू अघि बढिरहेका छन् । पार्टी अध्यक्ष एव प्रधानमन्त्री केपी शर्मा ओलीले वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष डा.भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुसाललाई साधारण सदस्य समेत नरहने गरी ६ महिनासम्मका लागि निलम्बन गरेपछि असन्तुष्ट नेपाल समूहले समानान्तर कमिटीहरू बनाउँदै संस्थापन पक्षलाई लल्कार्न थालेको छ ।

कारबाहीको परिदृश्य अब सांसद पद चट बनाउनेतर्फ देखिन थालेको छ । एमालेमा तत्काल सांसदलाई हटाउने कारबाहीरुपी डन्डा नउठाइए पनि माओवादी केन्द्रमा भने यस्तो प्रक्रियाले गति लिन थालेको छ । संघीय सांसदलाई मात्र होइन प्रदेश सांसदहरूलाई समेत माओवादी केन्द्रले कारबाही गर्न थालेको छ । माओवादी केन्द्रले हालै साधारण सदस्य नरहने गरी चार सांसदलाई पार्टीबाट निष्काशन गरेको पत्र संसद सचिवालयमा दर्ता थरेको छ । आन्तरिक विवादमा पार्टी नै छोडेर गएकालाई कारबाही गर्नुले पार्टी शुद्धीकरणमा सहयोग पुग्ने तर असहमति राखेकै आधारमा एक अर्कालाई कारबाही गर्ने निष्काशन गर्ने काम बढ्दै गए त्यसले संसदीय राजनीतिलाई नै कमजोर पार्ने विश्लेषण गर्न थालिएको छ ।

सर्वोच्च अदालतको फागुन २३ गतेको फैसलाबाट नेकपा खारेज भई एमाले र माओवादी केन्द्र पूर्ववत अवस्थामा फर्केपछि माओवादी केन्द्रका चार सांसद टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु शाह, गौरीशंकर चौधरी एमालेमा प्रवेश गर्नुका पछाडि सत्ता स्वार्थ नै प्रमुख देखिन्छ । अहिले उनीहरू चारैजना मन्त्री छन् । एकताका रामबहादुर थापा 'बादल' राजनीतिको चर्चाको शिखरमा थिए । उनको पनि एमालेमा विलय भइसकेको छ । उनी अहिले एमाले केन्द्रीय सदस्य साथै वाग्मती प्रदेश कमिटीका इनचार्जको भूमिकामा छन् । माओवादी अध्यक्ष प्रचण्डले बादललाई लक्षित गर्दै भनेका छन्– 'ममाथि नै बम हान्न खोज्नेलाई गृहमन्त्री बनाएर मैले गल्ती गरेँ ।' बादलले तत्कालीन नेकपाको ओली समूहको नारायणहिटी अगाडि आयोजित जनसभालाई सम्बोधन गर्दै मांसहार आन्दोलन गर्नेलाई जाउलाखेल (चिडियाखाना) मा थुन्ने चेतावनी दिएका थिए जुन प्रचण्डप्रति इंगित थियो ।

माओवादीले एमाले प्रवेश गरेका प्रदेश सांसदहरूलाई पनि धमाधम सांसद पद नरहने गरी कारबाही गर्न थालेको छ । लुम्बिनी प्रदेशका माओवादी केन्द्रका दुई सांसदको पद गुमेको छ । पार्टीले कारबाही गरी संसदीय दलको सदस्यबाट बाँकी ८ पेजमा

## मुद्दा र बन्दीको विवरण बुझाउँदै जसपा

काठमाडौं । नयाँ समीकरण निर्माणको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग जनता समाजवादी पार्टीका पहिलो अध्यक्ष महन्थ ठाकुरको निकटता बढ्दै गएपछि पार्टीभित्र तीव्र विवाद उत्पन्न भएको छ ।

ओली र ठाकुरबीच बढ्दै गएको सम्बन्धप्रति अर्को लाइनको नेतृत्व गरिरहेका उपेन्द्र यादव झस्किएका छन् । उनलाई पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले साथ दिएका छन् । भट्टराई र यादव कुनै पनि अवस्थामा ओली एमालेसँग मिल्ने पक्षमा छैनन् । उनले सार्वजनिक रुपमै दिमाग खुस्किएकाहरू मत्र ओलीसँग मिल्छन् हामी मिल्दैनौं भन्ने गरेका छन् ।

प्रधानमन्त्री र ठाकुरबीच धेरैपटक भेटवार्ता भइसकेको छ । कहिले एक्लै कहिले गोप्य बाँकी ८ पेजमा

## पोसाक वितरण

काठमाडौं । गत बुधबार सुरेन्द्र ढकाल प्रतिष्ठानले सिभिल बैंकको सहयोगमा बालकुमारी आधारभूत विद्यालयका अति गरिब र सुविधाविहिन एकदेखि तीन




कक्षाका बालबालिकाहरूलाई विद्यालय पोसाक वितरण गरेको छ। वितरण कार्य प्रतिष्ठानका बाँकी ८ पेजमा

## व्यापार घाटा ८ खर्ब नाघ्यो

काठमाडौं । गत फागुनसम्मको अवधिकमा कुल ९ खर्ब ४३ अर्ब ९८ करोड ८२ लाख ५० हजार रुपैयाँ बराबरको सामान आयात भएको छ । चालू आर्थिक वर्षको पहिलो ८ महिना अर्थात् साउनदेखि फागुनसम्ममा गतवर्षको तुलनामा २.१४ प्रतिशतले बढेर सामान आयात भएको हो ।

गतवर्षको सोही अवधिसम्ममा ९ खर्ब २४ अर्ब २४ करोड २६ लाख ३५ हजार रुपैयाँको आयात भएको थियो । आठ महिनामा निर्यात भने ७.८४ प्रतिशतले बढेको छ । भन्सार विभागको तथ्यांकअनुसार फागुनसम्ममा कुल ८० अर्ब ७७ करोड ८८ लाख ६१ हजार रुपैयाँ बराबरको निर्यात भएको छ । गत वर्ष सोही अवधिमा ७३ अर्ब ९० करोड ७९ लाखको निर्यात बाँकी ८ पेजमा

## भावी आईजीपीमा लबिङ


काठमाडौं । सशस्त्र प्रहरी बलको भावी नेतृत्वलाई लिएर अहिलेदेखि नै चर्को लविङ सुरु भएको छ। हालका सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) शैलेन्द्र खनालको कार्यकाल एक वर्ष बाँकी रहे पनि आगामी वैशाखको तेस्रो साता दुई जना सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) को चार बर्से कार्यकाल सकिने भएकाले अहिलेदेखि नै लविङ सुरु भएको हो ।

सशस्त्र प्रहरीमा हाल पुष्पराम केसी र रामशरण पौडेल एआईजी छन् । दुबै जना आईजीपी खनालका व्याची हुन् । एक वर्ष म्याद थप भएको अवस्थामा खनालपछि केसी आईजीपी बन्ने र हाल सशस्त्र प्रहरी नायव महानिरीक्षक (डीआईजी) रहेका खड्गबहादुर राई र मन्दिप श्रेष्ठ डीआईजीबाटै अवकाश पाउने भएकाले पनि अहिलेदेखि नै लविङले तिब्रता पाएको हो ।

केसी र पौडेलको एक वर्ष म्याद थप भएको अवस्थामा बाँकी ८ पेजमा

# तुवाँलो हटे पनि उपत्यकामा प्रदूषण घटेन

समय सन्दर्भ



गणेश पराजुली




वायुमण्डलमा घातक धुवाँ तथा धूलोको मात्रा अत्याधिक रहनु, हावाको वहाव ठप्प हुनु तथा हिउँदमा वर्षा नहुनुका कारण काठमाण्डौ उपत्यकाको वायु प्रदूषण एकाएक उच्च तहमा पुगेको छ। गत बुधबार साँझ पूर्वी तथा मध्य नेपालमा भएको वर्षाले प्रदूषण केही घटे पनि आइतबारदेखि पुन लागेको तुवालोका कारण काठमाडौं संसारकै धेरै वायु प्रदुषण भएका सहरको सूचीमा पहिलो नम्बरमा उक्लिएको छ ।

सोमबार बिहान काठमाडौंको एयर क्वालिटी इन्डेक्स (एक्वुआई) ३३१ रहेकोवातावरण विभागले जनाएको छ। विभागका अनुसारसोही समयमा सबैभन्दा धेरै वायु प्रदुषण धनगढीमा ४२९,चितवनको भरतपुरमा ३९८ र ललितपुरको भैंसेपाटीमा एक्युआई ३२५ रहेको छ।वायुको गुणस्तर एयर क्वालिटी इन्डेक्स मा मापन गरिन्छ। नेपाल सरकारको एक्वुआई मापदण्ड ४० रहेतापनि ५० सम्म हुनु लाई स्वास्थ्यकर नै मानिन्छ। एक्वुआई ५० देखि १०० सम्मलाई मोडरेट, १५० सम्म लाई संवेदनशील, २०० सम्म लाई अस्वस्थकर, ३०० सम्मलाई जोखिमपूर्ण र ३ सयभन्दा माथि जानुलाई वातावरणीय कोणवाट घातक हो ।

उपत्यकामा यो अवस्था आउनु अनपेक्षित थिएन। विगत लामो समयदेखि वायुमण्डलमा थुप्रिदै गएको प्रदूषणको मात्रा उच्चबिन्दुमा पुगेकाले यो अवस्था आएका थियो । यो प्रतिकूल अवस्था प्रदूषण नियन्त्रमा विगत लामो समयदेखि देखिएको मूलत: सरकारी सरोकारवाला निकायहरूको उदाशिनताको उपज थियो ।

विगत २० वर्षदेखि काठमाडौं उपत्यकामा वायु प्रदूषणको मात्रा निरन्तर बढ्दो अवस्थामा छ। यसले यहाँको वातावरण, जनस्वास्थ्य र अर्थतन्त्रमा समेत बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्फ्ना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## फेरि कोरोनाको सन्त्रास

अहिले विश्वमा कोरोनाको दोस्रो र तेस्रो लहर चलिरहेको छ। कोरोना भाइरसका नयाँ नयाँ भेरिएन्टहरू बढिरहेका छन्। नयाँ स्वरूपका कोरोना भाइरसहरू सहजै फैलिएर मृत्युदर वृद्धि र उपलब्ध भ्याक्सिनहरू पनि निष्प्रभावी भए स्थिति झन् भयावह बन्न सक्छ। सन् २०२१ को सुरुमा ब्रिटेनमा 'बी १.१७', दक्षिण अफ्रिकामा 'बी १.३५१' अनि ब्राजिलमा पी १ कोरोना भाइरसको नयाँ भेरियन्टहरूका कारण धेरैको मृत्यु भएको थियो। नयाँ स्वरूपको कोरोना भाइरस छिमेकी मुलुक भारतसम्म आइपुगेको परीक्षणबाट सिद्ध भइसकेको छ। विशेषतः ब्रिटेनमा फैलिएको 'बी १.१७' कोरोनाको नयाँ भेरियन्ट भारतको महाराष्ट्रसम्म आइपुगेको छ। भारतमा कोरोनाको दोस्रो लहरले तवाही मच्चाइरहेको छ। दैनिक लाख बढीको संख्यामा संक्रमितहरू फेला पर्न थालेका छन्। मृत्युदर पनि उकालो लागिरहेको छ। कोरोना भाइरसको स्वरूप परिवर्तन नहुँदै भाइरसविरूद्ध एन्टिबडी बनाउन कोभिसिल्ड बनेको हो। भारतमा झन्डै ८ करोड बढीले यो भ्याक्सिन लगाएका छन्। तर भारतको जनसंख्या १ अर्ब ३० करोड रहेको सन्दर्भमा खोप सबैको पहुँचसम्म कहिले पुग्ने हो अनुमान गर्न कठिन छ।

भारतले भ्याक्सिन डिप्लोमेसी अन्तर्गत नेपाललाई ८ लाख डोज खोप अनुदान स्वरूप दियो। सरकारले चिकित्सक, स्वास्थ्यकर्मीहरू, सफाइकर्मीहरू एम्बुलेन्स चालक, पत्रकारहरू र ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई निःशुल्क खोप लगाउने व्यवस्था गऱ्यो। भारतमा कोरोनाको दोस्रो लहर फैलिएका कारण भारतले भ्याक्सिन नबेच्ने निर्णय गरेपछि नेपालले भ्याक्सिन किन्न पाएन। चीनले नेपाललाई ८ लाख डोज खोज अनुदान स्वरूप दिएको छ। चीनमा पढ्न जाने विद्यार्थीहरू र चीनसँग व्यापारिक कारोबार गर्नेहरूलाई यो खोप दिइँदैछ। पहिलो खोप लगाएकाहरूलाई दोस्रो खोप वैशाख दोस्रो साताादेखि सुरु गर्ने सरकारको तयारी छ। सरकारले खोप खरिदमा तदारूकता नदेखाउँदा सबै नेपाली नागरिकले खोप पाउने सम्भावना क्षिण बनिरहेको अवस्था छ। राजनीतिक दल र तिनका नेताहरू महामारीबाट जनतालाई बचाउनभन्दा आन्तरिक द्वन्द्व र सत्ता संघर्षमै लिप्त देखिएका छन्। सरकार कोरोनामा भन्दा आफ्नो निरन्तरतामा विशेष चनाखो देखिएका कारण कोरोना कहरको जोखिम उच्च बन्दै गएको छ। दक्षिण एसियाली देशहरूमा कोरोना संक्रमण तीव्र गतिमा फैलिन थालेसँगै नेपालमा पनि दोस्रो लहरको संकेत देखिन थालेको छ। भारत, बंगलादेश र पाकिस्तानमा कोरोनाको दोस्रो लहर फैलिएसँगै लकडाउनको उपाय अवलम्बन गर्न थालिएको छ। भारतको महाराष्ट्रसँगै छत्तीसगढ, कर्णाटक, दिल्ली र उत्तरप्रदेशमा संक्रमण बढ्न थालेको छ। नेपाल र भारतबीच खुला सीमा भएका कारण दुवै देशका नागरिक निर्बाध आवतजावत गरिरहेका छन्।

भारतमा रोजगारीमा जाने नेपालीहरूको हिस्सा ठूलो छ। भारतका प्रायशः राज्यहरूमा नेपालीहरू काम गर्छन्। खासगरी कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका नेपालीहरूको रोजगारीको गन्तव्य भारत नै हो। भारतमा कोरोना संक्रमण बढेसँगै रोजगारीमा गएका नेपालीहरू पुनः स्वदेश फर्कन थालेका छन्। सीमा नाकाहरूमा नेपाल फर्किनेहरूको भीड बढ्न थालेको छ। सीमा नाकामा हेल्थ डेस्क राख्ने र भित्रिनेहरूको एन्टिजेन परीक्षणमा तीव्रता दिन ढिला हुँदैछ। आम नागरिकले पनि एसएमएस अर्थात् मास्क, सोसियल डिस्टेन्स, सेनिटाइजर प्रयोग गरी स्वास्थ्य सावधानी अपनाउन जरुरी छ। संक्रमितको संख्या दिनहुँ उकालो लागिरहे सरकारले पुनः लकडाउनको सहारा लिन सक्छ। यस्तो अवस्था आउन नदिन नागरिकहरूले आवश्यक स्वास्थ्य मापदण्डको पालना गरी संक्रमणबाट आफू बच्न र अरूलाई पनि बचाउन जरूरी छ। कोरोनासँग हेलचेक्र्याइँ नगरौं।

# गणतन्त्रको अर्थशास्त्र : थेग्छ देशले ?



**सुरेन्द्र ढकाल**

प्रदेशका मुख्य मन्त्रीहरूले आफ्नो सुविधाका लागि करोडौं मूल्य पर्ने प्राडो गाडी किनेको खबर राष्ट्रिय टिभीहरूले सुनाउँछन्। नेपाल भन्ने देशको अगाडि गरिब, भ्रष्टहरूको मुलुक, ठूलो व्यापारघाटा भएको देश, महिला र बालबालिकामाथि हिंसा गर्ने देश भन्ने विशेषणहरू त थियो नै अब आएर संसारको सबैभन्दा बढी प्रदुषित देश भन्ने नयाँ विशेषण पनि जोडिएको छ। नेपालले १०० डलर बराबरको विदेशी मुद्रा भित्र्याउँदा ७७ डलर त पेट्रोल, डिजेल, ग्यास, मट्टीतेल, कोइला अनि मोटर र मोटरको स्पेयर पार्ट्स आयातमा खर्च गर्छ भनेपछि यो देश प्रदुषित नभएर के हुन्छ ?

**ऋण लिएर विकाश गर्ने कि प्रधानमन्त्री मुख्यमन्त्री वा अन्य उच्च पदस्थहरूका सुविधाका लागि पैसा खर्च गर्ने हो सरकारले बुझ्नुपर्छ कि पर्दैन ?**

विद्युतबाट चल्ने गाडी, बस, रेल खाना पकाउने विद्युत चुलो आदिमा जोड दिनुपर्नेमा सरकारको ध्यान त्यतातर्फ नजानु नै नेपाल प्रदुषित बन्नुको मुख्य कारण हो। अर्कोतर्फ सबै ठाउँमा सडक पुऱ्याउने नाममा भएको वन फँडानी, डढेलो र बाढी पहिरोको कारणले गर्दा पनि नेपाल प्रदुषित हुन पुगेको हो। गत सालको बजेट पेस गर्दा विद्युतबाट चल्ने गाडीमा शून्य भन्सारको माग भएको थियो। सरकारले त्यो कुरा सुनेको नसुन्यै गऱ्यो। नगरोस् पनि किन भन्सारबाट प्राप्त राजस्वबाट देश चलाउनु पर्ने भएपछि।

यस पंक्तिका लेखक झण्डै चार दशकदेखि साइकलबाटै आफ्ना सबै कार्यहरू सम्पादन गर्दै आएको छ। के यहाँका मन्त्रीहरू त्यसो गर्न सक्दैनन ? नेदरल्यैण्ड, न्युजिलैण्ड स्विडेनका प्रधानमन्त्री मन्त्रीहरू साइकल वा सार्वजनिक सवारी साधन प्रयोग गर्न हुने अनि नेपालकाले नहुने ? गणतन्त्रसँगै साधारण खर्च चुलिएको छ भने विकाश खर्च संकुचन हुँदै गएको छ। ऋण लिएर विकाश गर्ने कि प्रधानमन्त्री मुख्यमन्त्री वा अन्य उच्च पदस्थहरूका सुविधाका लागि पैसा खर्च गर्ने हो सरकारले बुझ्नुपर्छ कि पर्दैन ?

उच्चकर अनि स्वदेशी र वैदेशिक ऋणको भार जनताको थाप्लोमा हालेर गणतन्त्र कहिलेसम्म चल्छ ? सिंह दरबारको भ्रष्टाचार वडासम्म पुगेको छ। भ्रष्टाचार गरेर पैसा कमाएपछि हरेकले किन्ने त गाडी नै हो। डढाउने पेट्रोल र डिजेल नै हो भनेपछि अनि प्रदुषण नबढेर के बढ्छ ? चेर्नोबिल पड्काँदा सिंगै विश्व विकिरणबाट प्रदुषित भयो, जापानमा भैचालो गएको कारण त्यहाँको एक आणविक भट्टी क्षतिग्रस्त भई त्यसबाट भएको प्रदुषणले ठूलै मानवीय र भौतिक नोक्सानी गऱ्यो। यसैको कारण जर्मनीमा हरियाली पार्टी शक्तिशाली दल बन्न गयो किनकी उनीहरूले आफ्नो चुनावी घोषणा पत्रमा जर्मनीमा भएका सबै आणविक भट्टीहरू बन्द गर्ने त्यसका ठाउँमा हावाले चल्ने मिल बनाउने योजना राखे सो अनुरुप चुनाव जिते, सरकारमा सामेल भए। अनि जर्मनी आणविक भट्टी मुक्त पनि बन्यो।

जनता सचेत भएको ठाउँमा मात्रै राजनीति र चुनावी घोषणा पत्रले काम गर्छ। उखानटुक्काको भरमा देश चलाएर, हावाको सपना बाँढ्दा लक्ष्य एकातर्फ अलपत्र पर्न जान्छ यथार्थमा देश र जनताले दुःख पाउँछ। यस्तो गणतन्त्रको अर्थशास्त्रले देश नै नरहन सक्छ अर्थ व्यवस्था थेग्न नसकेपछि।

# एकल अधिकारले एमालेमा झन् जटिलता

**सरकार र पार्टी दुबै स्थानमा अभिभावकीय भूमिका निर्वाह गरी सकरात्मक निकासको मार्गमा अगाडि बढ्नुपर्ने समयलाई ओलीले बुझ्न नसक्नु नै अहिलेको विवादको मुख्य जड देखिएको छ।**



**गोविन्द विक**

सत्ताको नेतृत्व गरिरहेको नेकपा एमालेभित्र चलिरहेको अन्तरसंघर्षले उग्र रुप लिदै गइरहेको छ। ओली पक्षले नेपाल पक्षका ४ नेताहरूलाई ६ महिनाका लागि पार्टीको साधारण सदस्य पनि नरहने गरी पार्टीबाट निलम्बन गरेपछि पार्टीभित्रको अन्तरसंघर्ष चर्किएको बुझ्दिँदैछ। एमालेका अध्यक्ष केपी ओली जसरी भए पनि माधव नेपाल पक्षका नेताहरूलाई घुडा टेकाएरै छाड्ने दाउमा अगाडि बढिरहेका छन् भने उता माधव नेपाल पक्षका नेताहरू ओलीसँग नझुक्ने गाउँ स्तरसम्मका कार्यकर्तामाझ ओली प्रवृत्तिको विरुद्मा डटेर लाग्ने अठोटमा छन्। यसबाट पाटीमा अध्यक्ष केपी शर्मा ओली र पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालबीच चुलिँदै गएको अन्तरसंघर्षले पार्टी विखन्डनको डिलमा पुगिसकेको कुरामा दुइमत नै छैन।

एमालेमा अध्यक्षलाई नै एकाधिकारको अधिकार केन्द्रीय कमिटी बैठकले दिएपछि पार्टीभित्रको विवादले थप जटिलता निम्त्याउने देखिएको हो। ओली पक्षका नेताहरू अहिले माधव तथा झलनाथ पक्षका नेताहरूलाई कसरी हुन्छ पाखा लगाउने दाउमा अनेक जुक्तिहरू निकालिरहेका छन् भने माधव र झलनाथ पक्षका नेताहरू ओली पक्षका निर्णयहरूलाई असंवैधानिक भन्दै समानन्तर गतिविधिहरूमा अगाडि बढिरहेका छन्। प्रधानमन्त्री केपी शर्मा ओली अहिले अभिभावकको भूमिकामा भए तापनि आफ्नै निर्णय मात्र पार्टी लादन खोजेको बुझ्न गाह्रो छैन। सरकार र पार्टी दुवै स्थानमा अभिभावकीय भूमिका निर्वाह गरी सकरात्मक निकासको मार्गमा अगाडि बढ्नुपर्ने समयलाई ओलीले बुझ्न नसक्नु नै अहिलेको विवादको मुख्य जड देखिएको छ। यही समयमा प्रमुख प्रतिपक्ष दलले पनि ओलीको राजिनामा मागेर आफ्नै नेतृत्वमा सरकार गठनमा अग्रता लिने निर्णय पनि भइसकेको छ। जसले गर्दा प्रधानमन्त्री ओली झन् दवाबमा पर्दैछन्।

पार्टीभित्रको दवाब र प्रतिपक्षको दवाब थाम्ने अवस्था कमजोर हुँदै गइरहेको देखिन्छ ओलीमा। पार्टीभित्र संघर्ष चलिरहेको बेलामा पार्टीको केन्द्रीय कमिटि बैठकले ओलीलाई एकल अधिकार सुम्पिने निर्णयको नतिजा माधव पक्षहरूलाई निलम्बन गर्नु हो। केन्द्रीय कमिटी बैठकले सबैलाई मिलाएर अगाडि बढ्न र सबैका कुरा सुन्न असन्तुष्ट पक्षका नेताहरूको पनि भनाइ सुनेर विवादित विषयलाई सम्बोधन गर्ने गरी अध्यक्षलाई सुझाव दिएर अगाडि बढ्ने मार्गमा जाँदा लोकतान्त्रिक अभ्यास देखिन्थ्यो। त्यसै पनि प्रधानमन्त्री केपी शर्मा ओलीलाई तानाशाही, प्रतिगमनकारी काम गर्ने, पार्टीभित्र मनपरी तन्त्रलाई बल पुग्ने गरी एकल निर्णय गर्ने, संघीयता विरोधी पद र सत्ताका लागि जे पनि गर्ने जस्ता आरोपहरू लागिरहेका छन्।

यसरी आरोपहरू लागिरहेको बेलामा केन्द्रीय कमिटीले एकल अधिकार सुम्पिएपछि त्यसको असर सबै तहमा पर्ने देखिन्छ। ओलीले एमालेका माधवकुमार नेपाल, भिम रावल, सुरेन्द्र पान्डे र घनश्याम भुसाल यी चार जना नेताहरूलाई पार्टीको विधानविपरित समानान्तर गतिविधि गरेको भनेर स्पष्टिकरण सोधिसकेका छन्। अब माधव नेपाल समूहका नेताहरूसँग दुईवटा मात्र विकल्प देखिन्छ कि नयाँ पार्टी गठन गरी छुट्टै तरिकाले राजनैतिक भविष्य अगाडि बढाउने कि ओलीको स्पष्टिकरणमा समावेश भई ओलीसँगै मिलेर अगाडि बढ्ने। कम्युनिष्टहरूले लोकतन्त्रमा विश्वास गर्छन् प्रजातान्त्रिक अभ्यास कम्युनिष्टहरूमा पनि जीवित छ है भन्ने आधार अब नेकपा एमालेभित्रको रडाकोले समाप्त पार्दैछ।

पार्टी जुनसुकै होस त्यसले खासै अर्थ राख्दैन तर मुलुक र जनताको विकासमा कसले ठोस भूमिका खेल्यो त्यसको अर्थ रहन्छ। एकदलीय कम्युनिष्ट शासन भएका मुलुकहरू आज हामीभन्दा सयौं गुणा अगाडि छन्। विकास र समृद्धिका लागि तानासाही बनेका विभिन्न मुलुकका नेताहरूलाई आज पनि त्यहाँका जनताले बिर्सन सकेका छैनन्। त्यसैले सबैभन्दा ठूलो कुरा भनेको जनताको जिवनमा परिवर्तन र मुलुकमा विकास सबैले महसुस गर्ने किसिमको भयो भने जो प्रधानमन्त्री भए पनि जुन पार्टीले सरकार चलाए पनि खासै फरक हुँदैन।

कम्युनिष्टहरूको लुछाचुँडीले जनता र मुलुकलाई नराम्ररी असर गरेको छ। यसकारण जनताले आगामी दिनमा हुने निर्वाचनमा पक्कै पनि हिसाबकिताब गर्ने चुकियो भने फेरि हामी सयौं वर्षपछि धकेलिने पक्का नै छ। हाम्रा सन्ततिहरूले हामीलाई माफ दिने छैनन्। त्यसैले सही समयमा सही दललाई मत दिएर सही मान्छेलाई नेतृत्वमा राख्ने अधिकार जनतालाई मात्रै छ।

# राष्ट्रको आवश्यकता र प्रचण्डको अस्पष्टता

**– ज्वाला कुमारी साह**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नामसम्बन्धी विवादमा सम्मानित सर्वोच्च अदालतको फैसलाले हामीलाई पूर्ववत् अवस्थामै फर्काइदिएको छ। नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई अदालतको निर्णयले ब्युताइदिएको छ। हामी सर्वोच्चको फैसलालाई सम्मान गर्छौं। तीन वर्ष पहिला पार्टी एकता गर्ने बेलामा एमाले र माओवादी विघटन गरी नेकपा घोषणा गरिएको थियो। त्यतिबेला हामीले त्यो एकतालाई स्वीकार गरी खुशियालीसमेत मनाएका थियौं। अहिले सर्वोच्चले साविककै पार्टीलाई पूर्ववत् अवस्थामा फर्काइदिए पनि हामी विचारमा परिपक्क छौं। हामीले एउटा बोल्ड निर्णय गरेर सम्मानित प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै साथ दिनेछौं। प्रधानमन्त्री ओली समूहमा गएका पूर्वमाओवादीका सबै नेताहरू फर्किनुपर्ने बाध्यता छ भन्ने खालका भ्रमहरू फैलाइएको छ। त्यो बिल्कुल गलत हो। हामी कुनै पनि हालतमा माओवादी केन्द्रमा फर्किनेवाला छैनौं। हामी जहाँ छौं त्यही बसेर आफ्नो राजनीतिक गतिविधि अगाडि बढाउँछौं।

हामी एमालेमा जाने निर्णय गरेको होइन, जहाँ थियौं त्यहीं छौं। सर्वोच्चको फैसलामा कारण अहिले दुई पार्टी बनाइदिएको हो। तर पनि जुन नेतृत्व र विचारलाई समातेर अगाडि बढेका थियौं, त्यसमै छौं। हामी एमालेमा गयौं भन्ने भ्रम नरहोस्।

हामीले माओवादी केन्द्रबाट चुनाव जितेका थियौं, त्यसैले कतिपयलाई लागेको हुनसक्छ कि पद जोगाउनका लागि माओवादीमै फर्किनुपर्छ। तर हामी पदको लोभी मान्छे होइन। बढीभन्दा बढी माओवादी केन्द्रले कारबाही गर्ला, सांसद पदबाट बर्खास्त गर्ला। हामी पदकै लागि माओवादी केन्द्रमा टाँसिरहने पक्षमा छैनौं। जहाँ छौं त्यहीं दृढ भएर उभिन्छौं।

त्यसैले हाम्रो प्रदेशसभाको सांसद पद गए पनि कुनै पनि हालतमा माओवादी केन्द्रमा नफर्किने निर्णयमा पुगिसकेका छौं। हाम्रो विधानमा जेसुकै व्यवस्था भएपनि पदको लालच छैन। हिजोको दिनमा कमरेड प्रचण्डलाई नै नेता मानेका थियौं। तर उहाँमा जुन खालको अडान र भिजन हुनुपर्ने थियो, त्यो नदेखिएपछि पनि हामी माओवादीमा फर्किने अवस्था रहेन। माओवादीले मेरो सांसद पद पनि बर्खास्त गरे पनि फर्किनेवाला छैन। जहाँ छौं त्यहीं काम गर्ने निष्कर्षमा पुगेका छौं।

माधव कुमार नेपाल, झलनाथ खनाल, भीम रावल लगायतका नेताहरूको विचार अलि परिपक्क देखिएन। उहाँहरूले जसरी आफ्नो कित्ताकाट गर्नुभएको थियो त्यसरी नै उहाँहरू अगाडि बढ्न सक्नुभएन। उहाँहरू दुलमुले किसिमको देखिनुभयो। सर्वोच्चको फैसला आउने बित्तिकै उहाँहरू एमालेमै फर्किनुको एउटा मात्र कारण हो, उहाँहरू पदका लोभी हुनुहुन्छ। उहाँहरू आफ्नो सांसद पद बचाउनकै लागि फेरि एमालेमै फर्किनुभयो। एमालेका सबै फर्किए तर माओवादीका कोही पनि फेरि फर्किएर जानेवाला छैन। पूर्वमाओवादीका साथीहरू एमालेमै बस्ने निष्कर्षमा पुग्ने वातावरण पनि प्रचण्डकै कारण भएको हो। हामीले कम्युनिष्ट विचारधारालाई नै समातेर अगाडि बढ्नेमा दृढ छौं। मेरो पारिवारिक पृष्ठभूमि पनि सूर्य छापमै रहेको छ। तर जनयुद्धका बेला म माओवादीसँग लागें र मेरो मिहेनतकै कारण आज यहाँसम्म आएको छु। संविधानसभाको निर्वाचनमा पनि निर्वाचित भएको थिएँ र प्रदेशसभाको चुनावमा पनि बाराबाट म प्रत्यक्ष निर्वाचित भएको हुँ। मलाई कसैको दया, माया वा आशिर्वादले यहाँसम्म पुऱ्याएको छैन।

यो बेला हाम्रो लागि पद ठूलो कुरा होइन, विचार र सिद्धान्त ठूलो कुरा हो। अहिलेको आवश्यकता भनेको कम्युनिष्ट विचारधारालाई कसरी अगाडि बढाउने, देशलाई विकास र समृद्धिको बाटोमा लग्ने हो। म देशको उज्वल भविष्यकै लागि निःशर्तरुपमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई साथ दिइरहेको छु। प्रधानमन्त्री केपी शर्मा ओलीमा एउटा स्पष्ट भिजन र कार्ययोजना हामीले देखेका छौं। हामी अब एमालेकै नेताको रुपमा कार्य गर्नेछौं।

हामी एमालेमै बस्ने भइसकेपछि हामीलाई कुन पद दिन्छ भन्ने अपेक्षा गरेका छैनौं। पार्टीले आवश्यकताअनुसार जुन जिम्मेवारी दिन्छ त्यो दृढतापूर्वक पूरा गर्छौं। हामीले पदको आशमा एमालेमा लागेका होइनौं। हामी निःशर्त एमालेमै बस्ने निधो गरेका छौं। भोलिको दिनमा पार्टीले मिहेनतअनुसार आवश्यकता परेको ठाउँमा राम्रो मूल्यांकन गर्छ भन्ने विश्वास छ।

पूर्वमाओवादीका नेताहरूलाई एमालेमा पद दिन्छ भन्ने खालका भ्रम पनि फैलाइएको छ। कमरेड बादल पनि पदका लागि एमालेमै रहने भन्ने निर्णयमा पुग्नुभएको होइन। अहिलेको विषम राजनीतिक परिस्थितिमा मुलुकलाई निकास दिनका लागि र देशलाई विकास एवं समृद्धिका लागि हामी लागेका हौं। हाम्रा लागि पद महान् कुरा होइन। हामीले पदका लागि कुनै किसिमको बार्गेनिङ पनि गरेका छैनौं। यो बार्गेनिङ्का कारण त आज मुलुकमा यस्तो अवस्था सिर्जना भएको हो। पार्टी एकता विरोधी कामहरूका कारण आज पार्टी दुई चिरा भएको हो।

माओवादीमै फर्किनुस् भनेर हामीलाई फोन आएको आयै छ। हामीलाई धेरै फोन र दबाब आएका छन्, फर्किनुस् भन्ने खालका कुराहरू गरिरहेका छन्। थेगि नसक्ने दबाब आइरहेका छन्। तर म एउटा अडानमा साथ दृढ छौं। अब कुनै पनि हालतमा फर्किनेवाला छैन। विचारमा परिपक्क भएर नै हामीले यस्तो निर्णय गरेका छौं। जनयुद्धका बेलामा पनि हामीले एउटा नीति र सिद्धान्तका साथ लागेका थियौं। यदि कसैले धेरै नै दबाब दियो भने त्यसको पनि प्रतिकार गर्ने व्यक्ति हो ज्वाला साह। कुनै हालतमा अब माओवादी म जान सक्दिन। प्रचण्डले नै फोन गर्नु हुन्छ कि फर्किनुस् कमरेड, तपाईंको उज्वल भविष्य यतै छ भन्नुहुन्छ।

कमरेड प्रचण्डमा प्रष्ट अडान देखिएन, देशको आवश्यकता बुझ्न भएको छैन। कोरोनाले गर्दा पूरा विश्व नै आर्तंकित थियो र नेपाल पनि त्यसबाट अछुतो थिएन। तर त्यो बेलामा पनि राष्ट्र र जनताभन्दा उहाँले गुटको राजनीतिमा लाग्नुभयो। सरकारले राम्रो काम गर्दा पनि नकारात्मक भ्रम मात्रै फैलाउने, गुटवन्दी सिर्जना गर्ने, व्यक्तिगत स्वार्थलाई बढी प्राथमिकता दिने लगायतका कार्यहरूले गर्दा हामी प्रचण्डसँग बस्ने वातावरण रहेन। प्रचण्डले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि मात्रै एकता गर्नुभएको थियो भन्ने प्रमाणित भएको छ। (साह नेकपा एमालेकी नेतृ हुन्।)

*(मधेश दर्पण फिचर सेवा)*

# मैले देखेको १६४ औं विश्व पर्यटकीय स्थल

# एलिनोइ, आर्थरको एमिस बस्ती

सुरेन्द्र ढकाल



एमिस आदिबासीहरूको पुरानो तस्बिर



एमिसहरूले प्रयोग गर्ने वाहन




एमिस बस्तीमा रहेको कृषि तथा पशुजन्य वस्तु बिक्री केन्द्र



एमिसहरूले प्रयोग गर्ने साइकल



एमिसहरूको घरबारी



एमिस महिलाहरूले लगाउने लुगा

जापानबाट फर्केपछि म फेरि आफ्नै कार्यालय अनि दैनिकीमा ब्यस्त भएँ । त्यसैबीच मेरो कार्यालय गलैंचा निकासीकर्ता संघ र सरकारको ऊन विकास समितिले संयुक्त रूपमा अमेरिकाको एटलान्टामा सन २००७ को जुलाई ९ देखि ११ सम्म आयोजना हुने गिफ्ट शोमा भाग लिन जाने निर्णय गऱ्यो । सो अनुरूप पाँच नेपाली गलैंचा निकासीकर्ता सो मेलामा भाग लिन जाने भए । सोही क्रममा हामी जुलाई ५ को बेलुकी आवुधावी, फ्रान्कफर्ट हुँदै २४ घन्टा लगाएर एटलाण्टा पुग्दा जुलाई ६ को बेलुकी भएको थियो । भोलिपल्ट र पर्सिपल्ट हामी स्टलको तयारीमा जुट्यौं । ९ जुलाईबाट मेला शुरू भयो ११ जुलाईका दिन मेला सम्पन्न भएपछि म १२ जुलाईका दिन त्यहाँबाट सिकागोतर्फ लागे । रोटरीक्लव महमेट इलिनोइका पूर्व अध्यक्ष एरिक लुड्केको घरमा मेरो बास भयो । उनी मेरा मित्र थिए । उनी आफ्नो क्लवको अध्यक्ष हुँदा म पनि रोटरी क्लव डिल्लीबजारको अध्यक्ष थिएँ । एरिक एक अर्को रोटरी मित्रका साथ नेपाल आउँदा मेरै डेरामा बसेका थिए । सोही अनुरूप म पनि एलिनोइको उनकै घरमा बसें । भोलिपल्ट जुलाई १३ का दिन उनले मलाई एलिनोइको आर्थर भन्ने ठाउँमा रहेको एमिस बस्ती देखाउन लगे ।

आर्थरको एमिस बस्ती

एलिनोइको डग्लस काउन्टीको वाइन स्ट्रिट (अंगुर मार्ग) को आर्थर भन्ने ठाउँमा रहेको यो एमिस बस्ती पुग्दा हरेक पर्यटक आश्चर्यचकित हुँदा रहेछन् । कारण अमेरिका जस्तो महाशक्ति राष्ट्र, विकास र सभ्यताको उच्चतम विन्दुमा पुगेको देश तर यस्तो देशभित्र पनि आफ्नै परम्परामा केन्द्रित, आधुनिकता नचाहने मानिसहरूको समूह हुँदा रहेछन् । यिनीहरूलाई एमिस भनिँदो रहेछ । आर्थरमा एमिसहरूको जनसंख्या दुई हजारको हाराहारीमा रहेछ । यो एलिनोइमा रहेको एमिसहरूको सबैभन्दा ठूलो र पुरानो बस्ती रहेछ । यो बस्ती सन् १८६० देखि बस्दै आएको रहेछ । सन् १८७७ मा एमिसहरूको संख्या ३०० मात्रै रहेछ । पछि बस्दै जाँदा यिनीहरूको संख्या बढ्दै गएको रहेछ । यिनीहरू घोडा नै लगाएर खेत जोत्दा रहेछन् । लुगा पनि परम्परादेखि जे लगाउँदै आयो त्यही लगाउँदा रहेछन् । उनीहरू आफैं उत्पादन गर्ने र खाना परम्परादेखि जे खायो त्यही खाने रहेछ । यिनीहरूको कृषि औजार पुरानै समयको र यातायातको साधन भनेको घोडाले तान्ने एक्का र टांगा हुँदा रहेछन् । यिनीहरू आफ्नो हस्तकलामा निपुण रहेछन् । घरमा प्रयोग हुने तन्ना, पर्दा, रूमाल झोला विभिन्न कृषिजन्य वस्तु राख्ने भाडाहरू बनाइ त्यस्ता सबै वस्तुहरूलाई हस्तकलाले सिंगार्ने यिनीहरू खप्पिस हुँदा रहेछन् । यिनीहरूको औसत आय वार्षिक ३० हजार डलरको हाराहारीमा रहेछ । घर पनि यिनीहरू काठ ढुंगा र फलाम प्रयोग गरेर मात्रै बनाउँदा रहेछन् । धर्ममा यिनीहरू कट्टर क्याथोलिक, आफ्नै भाषा, संस्कृति र वेशभुसालाई पटक्कै छाड्दा रहेनछन् । यिनीहरूको बस्तीमा पसल, विद्यालय, पुस्तकालय, खेल मैदान चर्च आदि कुरा आफ्ना लागि बेग्लै बनाएका रहेछन् । बाहिरका अन्य जातिहरू त्यहाँ जाने भनेको उनीहरू वसाईं काम गराई हेर्न जाने रहेछन् । टाढा टाढाबाट कार, बस/रेलमा आएर यिनीहरूले उत्पादन गरेको वस्तुहरू किनेर लग्दा रहेछन् । त्यसो हुँदाहुँदै पनि यिनीहरूको जनसंख्याको करिब ४ प्रतिशत गरिबीको रेखामुनि रहेछन् । यिनीहरूको जातिबाट ठूला मान्छे भएकाहरूमा भन्नु पर्दा वनस्पतिविज्ञ मार्जेरी कार्लस र फुटवल खेलाडीमा जर्ज कोरवेट रहेछन् ।



घोडाले खेत जोत्दै एक एमिस किसान




एमिसहरूको काम गर्ने औजार




हस्तकलापूर्ण तन्ना बनाउँदै एमिस वृद्ध, अवलोकन गर्दै सुरेन्द्र सन् २००७ जुलाईमा

# नेपाली कम्युनिस्ट लिगको स्थापना–३




■ शम्भुराम श्रेष्ठ

(घ) 'जहाँसम्म चीनविरुद्ध भारतसँग सैनिक गठबन्धन गर्ने प्रस्तावको सवाल छ, त्यसलाई त मोहनशमशेरले तुरुन्तै मानिहाल्यो र उनी दिल्लीबाट फर्केको केही महिनापछि नै अर्थात् ३१ जुलाई, १९५० को दिन काठमाडौंमा सन् १९५० को नेपाल-भारत सन्धिमा हस्ताक्षर गरियो। त्यस सन्धिलाई 'शान्ति र मित्रताको सन्धिको संज्ञा दिइएको भए तापनि त्यो न त शान्तिको सन्धि हो न त मित्रताको। त्यो त वास्तवमा नेपाललाई सैनिक रुपले राजनीतिक रुपले र आर्थिक रुपले भारतीय विस्तारवादको अधिनस्थ पार्न थरिएको असमान तथा अपमानजनक सन्धि हो।

(ङ) जहाँसम्म नेपालमा राजनीतिक परिवर्तन गर्ने कुराको सवाल छ, त्यसलाई मोहन शमशेरले मुखले त माने तर कामले चाहिँ आलटाल गर्दै गयो। उनले त्यसो गर्न एक किसिमले स्वाभाविक नै थियो किनभने त्यो उनको निम्ति जीवनमरणको सवाल थियो। मोहनशमशेरले त्यसरी आलटाले नीति लिनेछन् भन्ने कुरा पं. नेहरूलाई पहिलेदेखि नै लागेको थियो (नयाँ दिल्लीमा यथाशीघ्र राजनीतिक परिवर्तन गर्ने कुरा स्वीकार गरे पनि पं. नेहरूको उक्त प्रस्ताव मोहन शमशेरले लागू गर्दैन र आलटाल गर्दै जानेछ किन लागेको थियो भने ऊ स्वयंले २००५ सालको संविधान मस्यौदा गर्न काठमाडौं पठाएको श्री प्रकाशले मस्यौदा गरेको संविधान राणा शासक मण्डलीद्वारा स्वीकृत भई तत्कालीन प्रधानमन्त्री पद्मशमशेरद्वारा विधिवत घोषणा भइसकेपछि मोहनशमशेर एन्ड कम्पनीले त्यसलाई रद्दीको टोकरीमा मिल्काएको थियो। मोहन शमशेरको यो चालादेखि पं. नेहरू राम्ररी परिचित भएकाले नयाँ दिल्लीमा नेपालमा सम्भव भएसम्म चाँडो प्रजातन्त्र ल्याउनुपर्ने आफ्नो प्रस्तावलाई मोहनशमशेरले मुखले स्वीकार गरे पनि त्यसलाई लागू नगरी आलटाल गर्दै लानेछ भन्ने लागेको थियो।) र त्यसैले त उनले भारतको पार्लियामेन्टमा दिएको एउटा भाषणमा 'हामीले सम्भव भएसम्म मैत्रीपूर्ण सल्लाह नेपाल सरकारलाई दिएका थियौं कि विश्व यसरी छिटोछिटो बदलिरहेको बेलामा पनि यदि नेपाल सरकारले त्यस दिशातर्फ लाग्ने कुनै प्रयास नै गर्दैन भने पछि गएर त्यसलाई घचेट्नुपर्ने हुन्छ' भनी बोलेको थियो। घटनाक्रमले त्यही देखायो। अर्थात् सन् १९५० को नेपाल-भारत सन्धिमा हस्ताक्षर भएको ३ महिना १० दिनपछि अर्थात् २६ कात्तिक २००७ सालका दिन (११ नोभेम्बर १९५०) नेपालमा २००७ सालको क्रान्ति भएको भनी प्रचार गराइएको भए तापनि, वास्तवमा उक्त सशस्त्र संघर्षको सञ्चालन पर्दा पछाडिबाट पं. नेहरूले गरेको थियो अर्थात् पं. नेहरूकै सूत्रधार बनेको थियो। त्यसको अकाट्य प्रमाण दिल्ली सम्झौता थियो जो राणा प्रधानमन्त्री मोहनशमशेर र भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरूको बीचमा भएको थियो र जो पं. नेहरूको निम्न त्रिसूत्रीय प्रस्तावलाई मोहनशमशेरले स्वीकार गरेपछि सम्पन्न भएको थियो। ती त्रिसूत्रीय प्रस्तावहरू निम्नबमोजिम छ।

(१) नेपालमा सम्भव भएसम्म चाँडो संविधानसभाको निर्वाचन गराउनुपर्छ।

(२) माथि उल्लेखित संविधानसभाको बैठक नबसुन्जेलका लागि एउटा अन्तरिम सरकार गठन गर्नुपर्छ, जसमा नेपाली कांग्रेस र राणा परिवारका सदस्यहरू रहने छन् र रायाा परिवारको एक सदस्य प्रधानमन्त्री हुनेछ, र

(३) श्री ५ त्रिभुवन नै नेपालका राजा रहनेछन्।

भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरूको माथि उल्लिखित त्रिसूत्रीय प्रस्तावलाई राणा प्रधानमन्त्री मोहनशमेशरले स्वीकार गरेपछि त्यसकै आधारमा दिल्ली सम्झौता भयो। र त्यही सम्झौताबमोजिम राणा जहाँनियाँ शासनविरुद्ध चलाइएको २००७ सालको सशस्त्र संघर्षको अन्त्य भयो अर्थात् २००७ सालको क्रान्ति टुंग्याइयो। यदि प्रचार गरिएमुताविक साँच्चै नै नेपाली कांग्रेसको नेतृत्वमा २००७ सालको क्रान्ति सम्पन्न भएको भए दिल्ली सम्झौता मोहनशमशेर र पं. जवाहरलाल नेहरूको बीचमा नभएर राणा सरकार र नेपाली कांग्रेसको नेतृत्वको बीचमा हुने थियो र हुनुपर्ने थियो किनभने यस किसिमको सन्धि सम्झौता जहाँ पनि जहिले पनि संघर्षका दुई परस्पर विरोधी पक्षहरूका प्रमुखहरूको बीचमा हुने गरेको हुन्छ। हामीले २००७ सालको क्रान्तिको मुख्य सूत्रधार पं. नेहरू थियो भनी जे उल्लेख गरेका थियौं, त्यसको तात्पर्य यो कदापि होइन कि २००७ सालको क्रान्तिमा नेपाली जनताको कुनै भूमिका थिएन। त्यसमा नेपाली जनताको भूमिका अवश्यै थियो। मेचीदेखि महाकालीसम्मका नेपाली जनता राणाशाहीविरुद्ध संघर्षमा उत्रेका थिए। संघर्षमा जनताको त्यही ठूलो सहभागिता भएकै कारणले नै नेपाल कम्युनिस्ट पार्टीको २००८ सालको भदौ महिनामा (२३ सेप्टेम्बर, १९५१) कलकत्तामा आयोजित पहिलो राष्ट्रिय सम्मेलनमा केन्द्रीय कमिटीको तर्फबाट महासचिव पुष्पलालद्वारा प्रस्तुत र स्वीकृत राजनीतिक प्रतिवेदनमा २००७ सालको क्रान्ति महासचिव पुष्पलालद्वारा प्रस्तुत र स्वीकृत राजनीतिक प्रतिवेदनमा २००७ सालको क्रान्तिलाई जनक्रान्तिको संज्ञा दिइएको थियो यद्यपि पार्टी सम्मेलनको उक्त मूल्यांकन एकदमै गलत थियो। गलत किन थियो भने एक त उक्त क्रान्ति वास्तवमा नेपाली कांग्रेसको नेतृत्वमा भएकै थिएन र हुन पनि सक्दैनथ्यो किनभने क्रान्ति सुरु हुँदा नेपाल राष्ट्रिय कांग्रेस (कोइराला गुट) र सुवर्णशमशेरको प्रजातान्त्रिक कांग्रेस मिलेर नेपाली कांग्रेस बनेको केही महिना मात्रै भएको थियो तर त्यो देशभर एकसाथ सशस्त्र संघर्ष छेड्न सक्ने अवस्थामा विल्कुलै थिएन।

दोस्रो कुरा उक्त क्रान्ति नेपाली कांग्रेसको नेतृत्वमा भएको रहेछ भने पनि त्यो सामान्य पुँजीवादी प्रजातान्त्रिक क्रान्ति मात्र हुन्थ्यो र जनक्रान्ति हुँदैनथ्यो। जनक्रान्ति हुनको लागि त कामरेड लेनिनले भन्नुभए जस्तै अत्यधिक बहुसंख्यक नेपाली जनता सबैले देख्ने गरी आफ्नै राजनीतिक तथा आर्थिक मागहरूलाई अरुको लहैलहैमा लागेर होइन, आफ्नै विचारले अघि सार्दै सक्रियतापूर्वक संघर्षमा उत्रिएर पुरानो मक्किएको समाजको ठाउँमा आफ्नै तरिकाले नयाँ समाज निर्माण गर्न जुटेको हुनुपर्थ्यो। त्यस्तो क्रान्ति नेपाली कांग्रेस जस्तो पार्टीको नेतृत्वमा हुन सक्ने होइन, कम्युनिस्ट पार्टी जस्तो सर्वहारा वर्गको क्रान्तिकारी पार्टीको नेतृत्वमा मात्रै हुन सक्ने हो। जे होस्, २००७ सालको क्रान्तिले नेपालमा १०४ वर्ष अघिदेखि चलिआएको अंग्रेज साम्राज्यवादको कठपुतली राणाशासन खतम भयो।

# मधुमेहले पार्ने प्रभाव



**उमेश ओझा**

मधुमेहको एक गम्भीर जटिलता डायवेटिक रेटिनोपेथी जुनसुकै उमेरका मानिसलाई हुनसक्ने र बेलैमा उपचार नगरिए यसले अन्धोपना ल्याउने तथ्यसँग अवगत हुँदा यस रोगप्रति व्यापक जनचेतना आवश्यक भैसकेको महसुस भएको छ। केही दशक पहिलेसम्म मधुमेहलाई हुनेखानेको रोग मानिन्थ्यो। समयसँगै रोगप्रतिको धारणा पनि फेरिएको छ। धनी देशमा जस्तै गरिब वा विकासशील देशमा पनि मधुमेह एक आम रोग भएको छ। मधुमेहको व्यापकताले त्यसबाट उत्पन्न हुने जटिलता पनि बढाएको छ। रक्तचाप बढ्ने, मिर्गौलमा प्रभाव पर्ने वा मुटुमा समस्या देखिने मधुमेहका दुष्प्रभावसँग मानिसहरू प्रायः परिचित भएको देखिन्छ तर मधुमेहले आँखामा पनि उत्तिकै प्रभाव पार्छ। तिलगंगा आँखा अस्पतालद्वारा गरिएको एक अनुसन्धानबाट ४४.७ प्रतिशत मधुमेह रोगीमा डायवेटिक रेटिनोपेथी देखिएको र त्यसमध्ये ३३.७ प्रतिशतमा त यस रोगले कडा स्वरुप लिइसकेको पाइएको थियो।

मधुमेह मुख्य दोषी रेटिनोपेथी अन्य कारणले हुने भए पनि डायवेटिक रेटिनोपेथीमा मधुमेह नै जिम्मेवार हुन्छ। रेटिनोपेथीका अन्य कारण पनि छन् तर मधुमेह प्रमुख कारणको रुपमा देखापरेको छ। डाक्टरहरूका अनुसार विश्वमा पूर्णदृष्टि गुमाएका ४४ प्रतिशत मानिसको आँखामा मधुमेहको जटिलता नै दोषी पाइएको छ। विश्वमा अहिले नै कुल जनसंख्याको करिब पाँच प्रतिशत मानिसलाई मुधमेह निदान गर्दा नै डायवेटिक रेटिनोपेथीले छोइसकेको हुने अनुमान गरिएको छ।

सन् २०३० सम्म विश्व जनसंख्याको ४.४ प्रतिशतलाई मधुमेह हुने अनुमान गरिएकाले डायवेटिक रेटिनोपेथीप्रति बेलैमा सचेत हुनु आवश्यक भैसकेको छ। पहिलो प्रकारको मधुमेह भएका लगभग सबै जनामा २० वर्षभित्र डायवेटिक रेटिनोपेथीको अवस्था विकसित भैसक्ने र दोस्रो प्रकारको मधुमेहमा यो दर ७५ प्रतिशत हुने बताइन्छ। मधुमेह भएका मानिसको रगतमा ग्लुकोजको मात्र अनियन्त्रित भएर आँखाका सूक्ष्म रक्तनलीहरूमा दुष्प्रभाव पर्छ। डा. प्रधानका अनुसार 'मधुमेह भएका सबै व्यक्तिले डायवेटिक रेटिनोपेथीको खतराप्रति चेतनशील हुनैपर्छ। यसले उमेरलाई हेर्दैन। मधुमेहको अवस्थाले तपाईमा डायवेटिक रेटिनोपेथीको सम्भावना देखाउँछ। मधुमेह नियन्त्रणमा नभएका २०-३० वर्षमा मानिसमा समेत यो देखिएको छ। 'तिलगंगा आँखा अस्पतालको पहल तिलगंगा आँखा अस्पतालमा डायवेटिक रेटिनोपेथीका रोगीको चाप बढ्दै गएपछि यस रोगप्रति सचेतना अभियान र उपचारलाई साथ साथै लाने उद्देश्यले गत वर्षदेखि तीन वर्षका लागि डायवेटिक रेटिनोपेथीको परियोजना नै संचालनमा ल्याइएको छ।

मधुमेह रोगीमा उत्पन्न हुने आँखाको एक जटिल अवस्था, जसले गर्दा दृष्टि गुम्न सक्छ, हो डायवेटिक रेटिनोपेथी। यस अवस्थाले दृष्टिपर्दामा विस्तारै क्षति पुऱ्याउँछ र समयमा उपचार नगरिए यसले अन्धोपना ल्याउँछ। मधुमेह रोगीलाई अवगत नै हुन्छ, खानपिनमा नियन्त्रण भएन भने रगतमा ग्लुकोजको मात्रा बढ्छ। यसरी रगतमा ग्लुकोजको मात्रा अनियन्त्रित भैराखेमा रक्तनलीहरूमा क्षति पुग्न थाल्छ र जसको दुष्प्रभाव दृष्टिपर्दाका सूक्ष्म रक्तनलीहरूमा पनि पर्छ। रेटिना अर्थात दृष्टिपर्दालाई आवश्यक पोषण पुऱ्याउने रक्तनलीहरूमा क्षति पुगेर डायवेटिक रेटिनोपेथीको अवस्था आउँछ। ती रक्तनलीहरूमा सुन्निने, चुहिने वा फुट्ने भएर समग्र दृष्टि शक्तिमा असर पर्छ। सुरुमा डायवेटिक रेटिनोपेथीको कुनै लक्षण नदेखिन सक्छ। दृष्टि शक्तिमा आएको सामान्य समस्याले तपाईलाई झुक्याउने हुन्छ। लामो समय रगतमा ग्लुकोजको मात्रा अनियन्त्रित रहन्छ भने डायवेटिक रेटिनोपेथीले कसैलाई छोड्दैन। मधुमेह रोगले डायवेटिक रेटिनोपेथी भएको अवस्थामा पनि प्रायः त्यसको भान नपाएको देखिन्छ। प्रारम्भिक अवस्थामै त्यस अवस्थालाई पत्ता लगाएर उपचार थालिए सफलताको दर पनि त्यतिकै राम्रो हुन्छ।

**लक्षण**


दृष्टिमा दाग वा गाढा रंगका धागो आकार तैरिएको देखिन्छ। धमिलो दृष्टि। वस्तुहरू तैरिएको वा हल्लिएको देखिने। दृष्टिमा कालो वा रिक्त स्थान। दृष्टि गुम्ने। रंग छुट्याउन गाह्रो।

रक्तनलीको भित्तामा दाग देखिने, रगत चुहिने र दृष्टिपर्दामा रगत पर्न खतरा रहन्छ। दृष्टिपर्दा पछाडिको रहने त्यसको मध्य भाग ह्याकुला सुन्निएर दृष्टिशक्ति कमजोर हुन्छ। ह्याकुलाले दृष्टि स्पष्ट पार्नमा भूमिका खेल्छ। डायवेटिक रेटिनोपेथीको दोस्रो चरण बढी खतरनाक हुन्छ। यस अवस्थामा आँखाभित्र वा दृष्टिपर्दामा नयाँ रक्तनली बन्छन्। हल्का दबाब हुँदा पनि ती रक्तनलीबाट रगत बग्छ। यसो हुँदा सम्पूर्ण आँखामा रगत भरिन्छ र समस्या बढ्दै गए दृष्टिपर्दा च्यातिने वा चुँडिने भई शल्यक्रियाबाट पनि त्यसको उपचार कठिन हुनजाने डा. प्रधान बताउँछन्।

डायवेटिक रेटिनोपेथीमा भूमिका खेल्ने विभिन्न अवस्था मधमेहसँगै जोडिएर विकसित हुन्छन्। सबैभन्दा पहिले त मधुमेह भएको समयावधि महत्वपूर्ण हुन्छ। मधुमेह भएको धेरै वर्ष भएको छ भने डायवेटिक रेटिनोपेथीको खतरा स्वतः बढ्छ। यसैगरी, मधुमेह रोगीले रगतमा ग्लुकोजको मात्रा नियन्त्रणमा राख्ने गरेको छैन भने डायवेटिक रेटिनोपेथीले जुन सुकै वेला हुनसक्छ। यसअतिरिक्त डा.प्रधानले उच्च रक्तचाप, हानिकारक कालेस्टेरोलको उच्च मात्रा, गर्भावस्था, सुर्तीजन्य पदार्थको उपभोग, मिर्गौलाको समस्या, रक्तअल्पतालाई पनि डायवेटिक रेटिनोपेथीको कारक हुने बताउनुभएको छ।

# नियात्रा: त्यो यात्रा थियो कि म्याराथन ?

- **रामप्रसाद पन्त**




भित्तोमा तुल टाँगिएको थियो हाम्रै सिक्किम यात्राको। दार्जिलिङको तर्फबाट कुनै व्यानर टाँसिएको थिएन र आयोजक को हो उल्लेख पनि गरिएको थिएन। हामी अन्यौलग्रस्त थियौँ– दार्जिलिङका लागि छुट्याइएका पुस्तक तथा पत्रपत्रिकाहरू कसलाई दिने ? हामीले थाहा पाएको दार्जिलिङको साहित्यिक संस्था– नेपाली साहित्य सम्मेलन। तर सम्मेलनका अध्यक्ष गोपीचन्द्र प्रधान अतिथि बनेर मञ्चमा बसेका छन्। साहित्येतर संस्था गोरखा दुःख निवारण सम्मेलनको भवनमा कार्यक्रम भइरहेको छ– अन्यौलै अन्यौल।

पत्नी वीणा हाङखिमलाई समेत सँगै राखेर नन्द हाङखिमलाई सम्मान गरेपछि मनिका मुखियाबाट कविता वाचन सुरु भयो। 'गर्वदान' शीर्षकमा कविता वाचन गरिन् उनले। उनले प्रयोग गरेका 'सम्भवत्' 'बोलवाल्' 'क्रमश्' जस्ता शब्दहरू अनौठा लाग्दै गए। स्थानीयताकै कमाल सम्झेर चुप लागि सुनिरहेँ म।

यसै गरी अतिथि कवि र स्थानीय कविहरू – क्रमशः ठाकुर शर्मा, वीणा हाङखिम, केवलचन्द्र लामा, रामप्रसाद पन्त, कर्ण थामी, गोपीचन्द्र प्रधान, ललिता दोषी र जलेश्वरी श्रेष्ठबाट कविताहरू वाचन भए तर विमल राई, केवल स्याङतेन, मेनुका प्रधान, नरेन्द्र गोरखा, जीवन गुरुङ, मोहन शर्मा, रिङ् जीवाङ्दी भोटिया, मनोज एकलकाटे, सन्देश विश्वास, डा. गीता क्षेत्री, अमला सुब्बा, गणेश सुब्बा जस्ता दार्जिङेली साहित्यकारहरूको उपस्थिति भए पनि कविता वाचन गराइएन।

हाम्रै म्यारथन दौडलाई समय नपुग्ला भनेर कटौती भएका थिए ती कविता। तर ती कविताको सबै समय मनप्रसाद सुब्बा एकै जनाले खर्लप्पै खाइदिएपछि के गर्ने ? उनको मन्तव्य बौद्धिकता र विद्वताले परिपूर्ण थियो तर समय अनुकूल थिएन।

भन्दै थिए– 'नेपालमा साहित्यको ठूलो उद्योग चलेको छ। साहित्यिक उत्पादन अत्यधिक बढेको छ। तर पूर्णता छैन। पूर्णता कहीँ हुँदा पनि हुँदैन। हाम्रा लागि ब्युटी भनेको गोरो छाला, अफ्रिकनको ब्युटी ठूलो ओठ, क्यान्डिनेभियनहरूको ब्युटि लामो घाँटी, जापानीहरूको ब्युटी चिम्सा आँखा, चाइनिजहरूको ब्युटि पातलो शरीर। अरु र हामीमा फरक छ। अरुको कुरा जहाँ अन्त्य हुन्छ, हाम्रो प्रारम्भ त्यहीँबाट हुन्छ। कुनै पनि पाठ चूडान्त (अन्तिम) हुँदैन, केही न केही शेष रहन्छ। दार्जिलिङ र सिक्किममा प्रशस्त समसामयिक कविता लेखिएका छन् तर 'लेखिएका छन्' भनिदिनुपर्नेले भनिदिएका छैनन् .......' आदि।

उनी बोलिरहेको माइक अगाडि डेस्कमा तीनवटा चिट राखिएपछि मात्र उनले कविता पाठ गरेर मन्तव्य शेष (अन्त्य) गरे। कविताको अंश थियो– सिद्धार्थ सिद्ध हुँदै बुद्ध भए, म सिद्धार्थबाट सिद्धे हुँदै सिद्धिएँ।

त्यसपछिको मन्तव्य थियो रोचक घिमिरेको। उहाँको जिज्ञासा थियो– भारतीय शैक्षिक संस्थाहरूमा पढाइने नेपाली विषयक किताबहरूमा 'भारतीय नेपाली साहित्य' भन्ने गरिँदा नेपाली भाषाको मूल मर्ममा पार्थक्य देखिन्छ कि ! त्यसो नभनेर 'नेपाली साहित्य' मात्र भनिदिए राम्रो हुन्थ्यो कि ?

यसको जवाफ लगत्तैपछि बोल्ने प्रेम प्रधानले दोहोरी शैलीमा दिएका थिए – 'तपाईंहरूको देश छ, हामी किनारीकृत भएका छौँ। तामिलहरूलाई भारतमा स्थान नदिएजस्तै हामीलाई नेपालमा स्थान दिने गरिएको छैन। तपाईंका युनिभर्सिटीहरूमा हामीहरूका रचनालाई स्थान दिइएको छैन। तर तपाईंहरूका किताबहरूलाई हाम्रा युनिभर्सिटीहरूमा मान्यता दिइरहेका छौँ। अनि तपाईंहरूले आइवी सरलाई मात्र देख्नुभएको छ, अरुलाई देख्नुभएको छैन। तपाईंहरूका समस्या बेग्लै होलान् तर हाम्रो मुटुको धड्न एउटै होस् भन्ने हामी चाहन्छौँ।

करिब साढे दुईमा कार्यक्रम सकिएको थियो। हामी अब कहाँ खाना खाने र इन्द्रबहादुर राईकहाँ पुग्ने छटपटीमै हल बाहिर निस्कियौं तर हामीहरूलाई रोकियो।

कार्यक्रमकै बीचमा हाम्रो नेतृत्व पक्ष र आयोजक पक्षबीच कुराकानी भएछ, त्यसपछि मात्र त्यहीँ खाना खुवाउने व्यवस्था गरिएछ। तर कता कुन होटलमा बसेर गाँस टिप्ने र कुदिहाल्ने भनेर निस्केका हामीहरू खाना तयार भइनसकेकोले आधा घण्टाजति कुरिरह्यौँ त्यहीँ। कविता वाचनमा गरिएको कटौती र मनप्रसाद सुब्बाको मन्तव्यमा लगाइको लगाम व्यर्थ भयो।

खाना पाकिसकेपछि हामीले भोको भिखारीले मिष्ठान्न पाएजस्तै गरी भात बुकायौँ र हातमुख पुछ्दै कुद्यौँ इन्द्रबहादुर राईको घर खोज्दै लोचनगरतिर। विमल वैद्यलाई थाहा रहेछ उनको घर। वैद्यको पछिपछि हामीले म्याराथन दौडलाई निरन्तरता दियौँ।

हामी बजारको फुटपाथमा कुद्दै थियौँ, बटुवाहरूलाई धक्का दिँदै। हामीलाई पसलका सामान हेर्ने फुर्सद थिएन, घरका धुरीहरूतिर नजर लगाउने फुर्सद थिएन, 'थकाइ लाग्यो, एकछिन उभियौँ' भन्ने महिला वर्गको आवाज सुन्ने धैर्य थिएन। एकले अर्कालाई नछाडेर सँगसँगै आउने निर्देशन थियो अगाडिबाट।

तथापि मैले आक्कलझुक्कल हेर्दै थिएँ बजार र दौड्दादौड्दै खिच्दै थिएँ फोटो। अचम्मै लाग्यो दार्जिलिङ देखेर। मैले सोचेको जस्तो होइन रहेछ दार्जिलिङ। मैले सोचेजस्तो सुन्दर र सफा रहेनछ दार्जिलिङ। पुरानो भइसकेछ बजार, ऐतिहासिक बनिसकेछ सहरको संरचना। कतै भत्किएका, रुखपातहरू उम्रिएका, बिजुली र टेलिफोनका तारहरू अलपत्र झुन्डिएका। बाटोको छेउकुना जम्मा भएको फोहोरले झन् दुर्गन्धित बनेको थियो सहर।

हामी लोचनगर पुग्यौँ र आफ्नै निवासमा बसिरहेका लीलालेखनका सम्वर्द्धक इन्द्रबहादुर राईलाई भेट्यौँ। राईदम्पतीलाई सँगै राखेर रमा-कृष्ण सिर्जना प्रतिष्ठानले अभिनन्दन गऱ्यो। अरु सहभागीहरूले किताब र पत्रपत्रिकाहरू अर्पण गरे।

हामीले जिज्ञासा राख्यौँ – स्वास्थ्य र साहित्यबारे। हाम्रो म्यारथन दौडको सम्मान गर्दै उहाँले सङ्क्षेपमा हामीलाई आफ्नो वस्तुस्थिति अवगत गराउनुभयो। भन्नुभयो– 'छिटै लैजाने रोग त छैन तर सातवटा रोगले एकैचोटि च्यापिरहेको छ, औषधी खाँदै छु। अस्तिमात्र श्रीमतीलाई पनि सिलगढीमा उपचार गराएर ल्याएँ। तपाईंहरू धेरै साहित्यिक पत्रकार हुनुहुँदो रहेछ। हाम्रो पालामा बडो कठिन थियो साहित्यिक पत्रिका चलाउन। कसरी चलाउनुभएको छ तपाईंहरूले यति धेरै पत्रिकाहरू ? ऋद्धिबहादुरले शारदा, काशीबहादुरले उदय, उत्तम कुँवरले रुपरेखा चलाएर जसरी साहित्यको सम्वर्द्धना गरे, त्यसैको अनुशरण गर्दै म जस्तो ओरालो लागेको बूढोलाई सम्झेर यहाँसम्म आएर सम्मान गर्नुभएकामा म तपाईंहरूलाई धन्यवाद दिन्छु।'

त्यसपछि हामी अविलम्ब निस्केका थियौँ र जीपपार्कतिर उन्मुख भएका थियौँ, जहाँ हामीहरूलाई पर्खेर बसेका थिए– सिक्किमबाट हामीलाई बोकेर आएका दुईवटा जीप। त्यतैतिर लम्कँदै गर्दा म बडो अन्यौलग्रस्त भएको थिएँ। मसँगै अघिपछि भएर दौडिरहेका साथीहरू पनि द्विविधाग्रस्त थिए – 'पैदल घुम्न सम्भव नभए पनि जीपबाट सरररर दार्जिलिङ सहरको चक्कर लगाउन पाइन्छ कि पाइँदैन होला ! टोलीनेता अगाडि कुद्दै छन्, पाँच बजेसम्म पशुपतिनगर पुग्नैपर्ने, अन्यथा सीमाद्वार बन्द हुने हल्ला कानमा परिरहेको छ। भोलि बिहान आठै बजे कार्यक्रम राखिएको छ इलाम बजारमा। आज राती बास बस्ने बन्दोवस्त मिलाइसकिएको छ इलाम बजारमा। साँच्चै नै बेलुका पाँच बजे सीमाद्वार बन्द भयो भने हामी के गर्छौं ? जाने बुझेका इलामेली कवि विमल के भन्छन् ? टोलीनेता महेन्द्र गुरुङ के भन्छन् ? ड्राइभरहरू के प्रतिक्रिया दिन्छन् ? जे भन्छन् त्यही गर्ने त हो ! आयोजकका लागि म/हामी बाधक किन बन्ने ?'

(क्रमशः)

# वायु प्रदूषणले आँखाका बिरामी बढ्दै

काठमाडौं। वायु प्रदूषणका कारण कञ्चनपुरका बासिन्दामा आँखा पोल्ने, चिलाउनेलगायतका समस्या देखा पर्न थालेको छ। स्वास्थ्यचौकी र अस्पतालमा अधिकांश बिरामी आँखाकै समस्या लिएर पुग्न थालेका छन्। झलारीस्थित स्वास्थ्यचौकीका अहेव लोकेन्द्र ऐरका अनुसार चार दिनदेखि दैनिक ३० देखि ५० बिरामी आँखाको समस्या लिएर उपचारका लागि पुग्न थालेका छन्।

वायु प्रदूषणको स्तर अत्यधिक मात्रामा बढेपछि बालबालिका, ज्येष्ठ नागरिक, श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्ति, मुटुरोगीलगायत अन्य दीर्घरोगी बढी प्रभावित हुन थालेका छन्। वायु प्रदूषणबाट प्रभावित हुनसक्ने व्यक्तिलाई घर बाहिर नजान आग्रह गरिएको भीमदत्त नगरपालिकाका वातावरण शाखाका प्रमुख गणेश ठगुन्नाले बताउनुभयो। वायु प्रदूषण बढेपछि सार्वजनिक सूचना नै जारी गरेर यसबारे आग्रह गरिएको उहाँले बताउनुभयो।

रातिको समयमा हावाको तापक्रम घट्न गई वायु प्रदूषण जमिनको सतह नजिक बढी हुने भएकाले वातावरणीय अवस्थामा सुधार नहुञ्जेल बिहानीको समयमा घरबाहिर गएर शारीरिक व्यायाम, प्रातः भ्रमणलगायतका कार्यसमेत नगर्न भनिएको उहाँको भनाइ छ। प्रदूषणका कारण दिउँसै बादल लागेजस्तो देखिन थालेपछि स्थानीय तहले स्थानीय बासिन्दालाई सार्वजनिक सूचना जारी गरी सचेत पार्दै आएका छन्।

# राजकुमारको यौन भोक बढाउन दुर्लभ पन्छीको सिकार



विष्णु भट्टराई

सन् १९८३ मा दक्षिणपश्चिम पाकिस्तानको एउटा सानो तटीय नगर पास्नीस्थित गाडी भाडामा दिने एउटा कार्यालयमा दुई सैनिक अधिकृत आए। एक जनाले कार्यालयका साहूलाई सोधे, 'के तपाईंसँग राम्रो कार छ ? हामीलाई एक अरब शेखलाई पान्जगुर लैजानुछ।' उनले छ भने र आफ्नो छोरा हनिफलाई गाडी देखाउन अह्राए।

उक्त गाडी राजकुमार सुरुर बिन मोहम्मद अल-नाह्यानको निम्ति थियो। उनी संयुक्त अरब इमिरेट्सका ६ राजपरिवारहरूमध्ये एउटाका सदस्य थिए। उनी हुबारा बस्टार्ड नामक दुर्लभ पन्छीको सिकार गर्न पास्नीबाट सय किलोमिटरभित्र पान्जगुर जान चाहन्थे। उक्त पन्छीको मासुलाई कतिपयले यौन उत्तेजक औषधि ठान्छन्। शेखलाई गाडी मन पर्‍यो। अनि उनले त्यतिखेर ३१ वर्षका हनिफलाई पनि सँगै लगे। हाल हाजी हनिफ भनेर चिनिने हनिफको त्यो बेलादेखि लामो मित्रता सुरु भएको थियो। ३७ वर्षदेखि अहिलेसम्म पनि हरेक वर्ष हुबाराको सिकार गर्न आउने राजपरिवारका सदस्यहरूलाई उनी सघाउँछन्। लजालु स्वभावका यी पन्छी आकारमा टर्की चराजत्रै हुन्छन्। यिनको संख्या लगातार घटिरहेको छ त्यसैले यिनको सिकार विवादास्पद बनेको छ। तर अझै पनि रमाइलोका निम्ति तिनको सिकार गरिन्छ।

पाकिस्तानका शक्तिशाली स्वार्थ समूहहरूले यो गोप्य रूपमा गरिने सिकारको समर्थन गर्छन्। दशकौँदेखि चलिरहेको यस्तो सिकारलाई खाडीका धनी देशका प्रभावशाली व्यक्तित्वहरूसँग सम्बन्ध विस्तारको एउटा माध्यम बनाइएको छ। यस्ता सिकारको समर्थन गर्नेहरूले यसबाट रोजगारी तथा लगानी भित्रिने बताउँछन्। तर यसबाट पाकिस्तानले खासमा के फाइदा पाउँछ भन्ने प्रष्ट छैन। सिकार अभियानमा सामेल केहीका अनुसार राजपरिवारका सदस्यहरूले यस्ता भ्रमणलाई केवल व्यक्तिगत मनोरञ्जनको रूपमा लिन्छन्। प्रत्येक वर्ष नोभेम्बर र फेब्रुअरीको बीचमा हाजी हनिफले बलोचिस्तान प्रान्तस्थित रणनीतिक महत्तवको ग्वादार बन्दरगाहबाट पूर्वतर्फ एक घण्टाको दुरीमा रहेको सो स्थानमा शाही समूहहरूको स्वागत गर्छन्।

यो जाडो यामको सिकार मौसम सकिनुअघि उनले केही पत्रकारलाई डाकेर राजपरिवारहरूका निम्ति उनी तथा उनका कर्मचारीहरूले गरेका मिहिन तयारी देखाएका थिए। स्थानीय मानिसहरूलाई अझै पनि आधारभूत सुविधा नै उपलब्ध हुन नसकेको पास्नीजस्तो स्थानमा उनीहरूका निम्ति विलासितापूर्ण तयारी भएको देखिन्छ।

हामीलाई दुई जना मानिसहरूले भेटेर एअरपोर्ट रोडबाट केही किलोमिटर पर रहेको हाजीको भव्य महलतर्फ लगेका थिए। ती मानिसहरूको जिप युएईमा दर्ता भएको देखिन्थ्यो। हामीलाई त्यहाँ पुग्दा अबुधाबीकै कुनै ठाउँमा पुगेको जस्तो अनुभूति भयो। त्यो अनुभूति त्यतिखेर झनै बलियो भयो जतिखेर हामीले त्यहाँको घरमा प्रवेश गर्ने बेला अबुधाबीका राजपरिवारको संकेत चिह्न देख्यौँ।

सिकार गर्न आउने राजपरिवारका सदस्यहरूले दर्जनौँ स्थानीय मानिसहरूलाई रोजगारी दिन्छन्। हामी त्यहाँ पुग्दा शेखको फाल्कन चरा व्यवस्थापनमा व्यस्त केही पुरुषहरू देख्यौँ। अरू मानिस चाहिँ भान्साकोठा सफा गर्दै थिए वा त्यहाँको ग्यारेजमा राखिएका गाडीहरूको मर्मत गर्दै थिए।

खाकीको पोसाक लगाएका एक जनाले हामीलाई अतिथिगृहमा लगे जहाँ अत्तरको मगमग सुगन्धले हाम्रो स्वागत गर्‍यो। 'हाम्रो महल कस्तो लाग्यो ?' सोफामा बसिरहेका हाजी हनिफले सोधे। हाजी हनिफले आफ्नो जीवनको अधिकांश समय युएईबाट आउने शाही परिवारका सदस्यहरूको सेवासत्कारमा खर्च गरेका छन्।

अहिले ६० वर्षको उमेर कटेका हाजी निकै रोचक कुरा गर्छन्। वरपर देखाउँदै उनले वर्षौंदेखि भएका शेखहरूको भ्रमणको वर्णन गरे। 'त्यो बेला हामीले उनलाई गाडी उपलब्ध गरायौँ। त्यसपछि उनी फेरि हामीकहाँ आए। सन् १९८८ तिर आइपुग्दा म र मेरा बुबाले शेखका निम्ति २० वटा गाडीहरू व्यवस्थापन गर्न थाल्यौँ। उनले हामीलाई विश्वास गरे', उनले भने

पास्नीका निम्ति त्यस्ता भ्रमणले करिब ३५ जना स्थानीय बासिन्दालाई रोजगारी दिलाएको छ। भ्रमण हुनुभन्दा तीन महिना अगाडिदेखि उनीहरूको काम सुरु हुन्छ। फाल्कन चरा तथा परेवाको हेरचाह गर्ने, तिनलाई प्रशिक्षण दिने काममा कतिपय लाग्छन् भने तीन जना त शेखका निम्ति उमारिएका कागतीको



बगैँचाको रेखदेखमा खटिन्छन्। लुगा धुनका निम्ति अर्का एक जना खटाइएका छन्।

अरूहरू खाना पकाउने तथा सरसफाइमा सहभागी हुन्छन्। एकजना मानिसलाई मोटरसाइकलमा चढेर वरपर नजिकै कतै हुबारा बस्टार्ड पन्छीहरू छन् कि भनेर हेर्न खटाइन्छ। त्यसो गर्दा शेखहरूले सिकारका निम्ति टाढा जान



पर्दैन। हाजी हनिफका तीन छोराले पनि उनलाई सहयोग गर्छन्।

जेठा छोराले ग्यारेज तथा शेखका निम्ति जुटाइएका २० वटा एसयुभी गाडी रेखदेख गर्छन्। माहिला छोरा उनका अंगक्षक हुन् र सुरक्षा मामिला हेर्छन्। कान्छाले चाहिँ स्थानीय मानिसहरूले हुबाराको सिकार नगरून् अनि तिनको विक्रीवितरण नगरुन् भनेर निश्चित गर्ने कार्य गर्छन्।

पाकिस्तानले राजपरिवारहरूलाई सन् १९७३ देखि निम्त्याउन थालेको हो। उनीहरूका कैयौँ समूह जाडोयाममा दक्षिण पश्चिम बलोचिस्तान आइपुग्ने हुबारा बस्टार्ड पन्छीको सिकार गर्न आइपुग्छन्। सन् १९८९ सम्म आइपुग्दा उक्त अभियानलाई प्रान्तीय सरकारले इस्लामावादका केन्द्रीय अधिकारीहरूसँग मिलेर व्यवस्थित बनाउन थाल्यो।

त्यसअनुसार युएईका राजपरिवारका निम्ति पास्नी, पान्जगुर र ग्वादार छुट्ट्याइएको छ। कतारका शेखहरूका निम्ति अवरन जिल्लाको झल झाओ इलाका छुट्ट्याइएको छ भने साउदी अरबका शाही परिवारका निम्ति चघी क्षेत्र छुट्ट्याइएको छ। सन् १९७० ताका शाही समूहहरू हुबारा जता हुन्छन् त्यतै शिविर खडा गरेर बस्थे। सिकार करिब एक साता चल्थ्यो। चरा मारेर उनीहरूले त्यहीँ पकाएर खान्थे र फर्किन्थे। अरब देशमा कतिपयले हुबाराको मासु यौन उत्तेजक औषधि हुने ठान्छन्।

तर दक्षिण पश्चिम बलोचिस्तानमा वर्षौंदेखि जारी पृथक्तावादी गतिविधिका कारण उत्पन्न सुरक्षा चिन्ताले गर्दा अचेल सुनसान क्षेत्रमा शिविर खडा गर्नु सुरक्षित हुँदैन। त्यसैले राजपरिवारका सदस्य अधिकांश समय होटेल वा उनीहरूको इच्छानुसार बनाइएका घरहरूमा बस्छन्, हनिफको घरजस्तै। त्यहाँबाट केही मिनेटको गाडी यात्राबाट मरुभूमि गएर पहिल्यै सहयोगीहरूले पत्ता लगाइसकेका हुबाराहरूको सिकार गर्छन्।

परम्परागत रूपमा फाल्कन चराले हुबारालाई लखेट्छन्, अनि हुबारालाई पक्रिएपछि घाँटी चुँडाएर मारिन्छ। सिकारीहरूले गोली हानेर पनि मार्छन्। अचेल चोरीसिकारको चिन्ताका कारण सहयोगीहरूले पहिले हुबारा समात्छन् अनि शाही सिकारीहरू आइपुगेछि मात्र तिनलाई छाडिदिन्छन् ताकि फाल्कनले लखेट्न सकोस्।

हुबाराको सिकार लामो समयदेखि विवादित रहेको छ। कुनै बेला ती पन्छीहरू अरब प्रायःद्वीपमा प्रशस्त हुन्थे। तर अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ आइयूसीएनको अनुमानमा अब ती पन्छीहरूको संख्या विश्वभरि जम्मा ५० हजारदेखि एक लाखमा सीमित भएको छ। तिनलाई जोखिममा परेका प्रजाति राखिने रातो सूचीमा राखिएको छ। पाकिस्तानमा धेरै मानिसहरूले यस्ता सिकारलाई 'मालिक'हरूलाई खुसी पार्ने काम भन्दै रुचाउँदैनन्। तर कतिपयले चाहिँ यसले पाकिस्तानको ती देशसँग भ्रातृत्वपूर्ण सम्बन्ध विस्तार हुने ठान्छन्। पछिल्ला दशकहरूमा पाकिस्तानले ती धनी देशहरूबाट ठूलो मात्रामा ऋण तथा लगानी पाइरहेको छ।

पाकिस्तानको विदेश मन्त्रालयका एक पूर्वप्रवक्ताले यो लज्जाजनक गतिविधि अन्त्य गर्ने उनीहरूले प्रयत्न गरे पनि सफल नभएको बताए। उनका अनुसार सरकारभित्र रहेका धेरैलाई पनि यस्ता सिकार भ्रमणको कूटनीतिक उपयोगिता नभएको लागे पनि शक्तिमा आसीन व्यक्तिहरूले यसलाई चलिरहन दिएका छन्। गत २५ वर्षको पाकिस्तान-यूएई सम्बन्ध नियाल्ने हो भने पाकिस्तानले खासै केही नपाएको उनले बताए। यो वर्षको जाडो याममा यूएईका राजकुमारको भ्रमणलाई पाकिस्तानले व्यग्रतापूर्वक प्रतीक्षा गर्यो। सो भ्रमणले दुई देशको सम्बन्धमा हालै उत्पन्न केही समस्या समाधान हुने ठानियो। सन् २०२० मा यूएईले पाकिस्तानका नागरिकलाई त्यहाँ काम गर्न प्रवेशाज्ञा नदिइने देशहरूको सूचीमा राखिदिएको थियो। पाकिस्तानमा भित्रने विप्रेषण आम्दानीका निम्ति यूएई एक प्रमुख स्रोत देश रहँदै आएको छ।

यूएईको सो कदमलाई विश्लेषकहरूले पाकिस्तानमाथि इजरेलको हैसियत तथा कश्मीर विवादलाई लिएर गरिएको एक किसिमको दबाबको रूपमा अर्थ्याए। प्रधानमन्त्री इमरान खान र उनको मन्त्रिपरिषद्ले त्यस्ता विश्लेषण स्वीकार्दैनन्। उनीहरूले यूएईसँग सम्बन्धमा कुनै समस्या नरहेको बताउँछन्। पाकिस्तानको सर्वोच्च अदालतले सिकार भ्रमण रोक्ने प्रयास गरेको थियो तर सन् २०१५ लगाइएको प्रतिबन्ध एक वर्षमै खुला गरियो। प्रतिबन्ध जारी रहेकै समयमा पनि सरकारले विशेष अनुमति दिएर सर्तसहित सिकार सञ्चालन हुन दिएको थियो। हाजी भन्छन् पास्नीका निम्ति शेखहरूको भ्रमण राम्रो रहेको छ। उनी स्वयंको निम्ति त राम्रो हुने नै भयो।

हनिफले भने, 'स्थानीय बासिन्दालाई रोजगार मात्र दिने होइन त्यहाँ इनार खन्नेदेखि स्कूल तथा औषधालयहरूपनि खोलिदिएका छन्। तर ती स्कूलमा शिक्षक छैनन् अनि औषधालयमा औषधि तथा कर्मचारी छैनन्। शेखले बनाइदिने मात्र हो। कर्मचारी पनि त्यहाँ राखिदिन सक्दैनन्। त्यो काम त प्रान्तीय सरकारले गर्नुपर्छ।'

'म त शेखको सेवक हुँ तर मेरा सन्तानले पनि यही गरून् भन्ने मलाई चाहना छैन। उनीहरू आफ्नै बाटो हिँड्नुपर्छ। व्यापार गर्नुपर्छ र आफ्नो नाम राख्नुपर्छ। मैले मेरो जीवन मलाई मनपर्ने काममा लगाएँ। यसमा म खुसी छु', उनले भने। (बिबिसी)

## भारतमा माओवादीले मारे २२ सुरक्षाकर्मी



काठमाडौँ। भारतको छत्तीसगढ राज्यको विजापुरमा शनिबार माओवादीको आक्रमणमा २२ जना सुरक्षाकर्मीको मृत्यु भएको छ। साथै ३१ जना सुरक्षाकर्मी घाइते भएका छन्। केही सुरक्षाकर्मीहरू अझै बेपत्ता रहेको बताइएको छ। भारतीय सञ्चारमाध्यमहरूका अनुसार आक्रमणपछि माओवादीले सुरक्षाकर्मीहरूको हतियार र गोलीगट्ठासमेत लुकेर लगेका छन्।

भारतीय सञ्चारमाध्यमहरूका अनुसार सुरक्षा फौजले गत शुक्रबार रातिदेखि दक्षिण बस्तरको जंगली क्षेत्रलाई लक्षित गर्दै विभिन्न ५ स्थानबाट अपरेसन सुरु गरेको थियो। त्यही क्रममा सुरक्षाकर्मीहरू सुक्मा-बिजापुर सीमामा सर्च अपरेसनमा रहेकै बेला शनिबार मध्याह्न माओवादीले एक्कासि चारैतिरबाट घेरा हालेर आक्रमण गरेका थिए।

उक्त क्षेत्रमा ठूलो संख्यामा माओवादीहरू रहेको खुफिया सूचनाका आधारमा सुरक्षा फौजले सर्च अपरेसन सुरु गरेको थियो। सुरक्षा फौज र माओवादीबीच ३ घण्टाभन्दा लामो समयसम्म दोहोरो भिडन्त भएको जनाइएको छ। सुरक्षा फौजले माओवादीतर्फ पनि ठूलो क्षति भएको दाबी गरेको छ। 'घाइते र मृतकहरूलाई तीनवटा ट्र्याक्टरमा लगिएको छ। नक्सलीतर्फ कति क्षति भयो भन्ने यकिन नभए पनि कम्तीमा २५/३० जना मारिएका छन्,' केन्द्रीय रिजर्भ पुलिस फोर्सका महानिर्देशक कुलदीप सिंहलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

घटनाप्रति भारतीय राष्ट्रपति रामनाथ कोविन्द्र, प्रधानमन्त्री नरेन्द्र मोदीलगायत अन्य नेताहरूले पनि दुःख व्यक्त गरेका छन्। भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले ट्वीट गर्दै सुरक्षाकर्मीको बलिदान खेर जान नदिने बताएका छन्। साथै उनले माओवादीविरुद्धको कारबाही थप बलियो पारिने र परिणाममुखी बनाइनेसमेत उल्लेख गरे।

घटनाबारे थाहा पाउनासाथ उनी असमको चुनावी कार्यक्रम छोट्याएर दिल्ली फर्केका छन्। त्यसलगत्तै शाहले उच्च सुरक्षा अधिकारीहरूसँग बैठक गरेका थिए। बैठकमा घटनाबारे समीक्षा गर्दै माओवादीविरुद्धको कारबाहीलाई तीव्रता दिने निर्णय भएको बताइएको छ।

छत्तीसगढको बस्तर क्षेत्र माओवादी अति प्रभावित क्षेत्रका रूपमा चिनिन्छ। सोही क्षेत्रमा माओवादीको आक्रमणमा परी बर्सेनिजसो सुरक्षाकर्मीको मृत्यु हुँदै आएको छ। भारत सरकारले विगत लामो समयदेखि माओवादीविरुद्ध ठूलो संख्यामा सुरक्षाफौज परिचालन गर्दै आए पनि आक्रमणका घटना रोकिएका छैनन्। यसअघि मार्च २३ मा पनि छत्तीसगढकै नारायणपुरमा माओवादी आक्रमणमा ५ सुरक्षाकर्मी मारिएका थिए। घटनामा १४ जना घाइते भएका थिए।

सन् २०२० को मार्चमा पनि छत्तीसगढकै सुक्मा जिल्लामा माओवादीको एम्बुसमा परेर १७ सुरक्षाकर्मीले ज्यान गुमाएका थिए। सन् २०१९ को अप्रिलमा माओवादीले गरेको आक्रमणमा एक विधायकसहित १६ सुरक्षाकर्मीको ज्यान गएको थियो। त्यस्तै, सन् २०१० को अप्रिलमा छत्तीसगढकै चिन्तल्नर गाउँको दन्तेवाडामा माओवादीको आक्रमणमा परी ७६ सुरक्षाकर्मी मारिएका थिए। त्यसलाई माओवादीको अहिलेसम्मकै ठूलो आक्रमण मानिन्छ।

## पुटिन सन् २०३६ सम्मै राष्ट्रपति बन्ने



काठमाडौँ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०३६ सम्म सत्तामा रहने भएका छन्। पुटिनले सोमबार एउटा विधेयकमा हस्ताक्षर गरेपछि थप दुई कार्यकाल राष्ट्रपति बन्ने भएका छन्।

पहिलेको संविधानअनुसार ६८ वर्षीय पुटिनले दोस्रो कार्यकाल सकिएसँगै सन् २०२४ मा सत्ताबाट बाहिरिनुपर्ने थियो। तर गत वर्ष जनमतसंग्रहमार्फत संशोधन गरिएको संवैधानिक व्यवस्थाले उनलाई थप दुई कार्यकाल राष्ट्रपति बन्ने बाटो दिएको हो। संवैधानिक सुधारसम्बन्धी जनमतसंग्रहमा पुटिनले करिब ७८ प्रतिशत मत पाएसँगै उनी थप दुई कार्यकाल सत्तामा रहने कानुनी बाटो खुलेको हो।

नयाँ कानुनमा राष्ट्रपतिको कार्यकाल पनि ४ वर्षबाट बढाएर ६ वर्ष बनाइएको छ। गत मार्चमा रुसको संसद्ले उक्त संशोधन पास गरेको थियो। पुटिन पहिलो पटक सन् २००० मा रुसको राष्ट्रपति बनेका थिए।

चार-चार वर्षको दुई कार्यकाल बिताएपछि पुटिनले आफ्ना सहयोगी दिमित्री मेडभेडेवलाई राष्ट्रपति बनाउँदै २००८ देखि २०१२ सम्म प्रधानमन्त्री बनेका थिए। सन् २०१२ मा उनी पुनः राष्ट्रपतिका रुपमा रुसमा सत्तासिन भए भने २०१८ को चुनावमा जित पनि हात पारे। तर चुनावमा धाँधली भएको र विपक्षीको आवाज दबाउने काम गरेको आरोप भने पुटिनमाथि निरन्तर लाग्दै आएको छ।

यदि पुटिन थप दुई कार्यकालका निर्वाचित भए रुसको सबैभन्दा बढी लामो समय शासन गर्ने नेता बन्नेछन्। यसअघि जोसेफ स्टालिनले २९ वर्ष रुसमा शासन गरेका थिए। सन् २००० मा तत्कालीन राष्ट्रपति बोरिस यल्त्सिनले राजीनामा दिएपछि पुटिन रुसका शक्तिशाली नेताका रुपमा रहेका छन्।

दुई कार्यकालभन्दा बढी राष्ट्रपति बन्न नपाइने तत्कालीन संवैधानिक व्यवस्थाबमोजिम सन् २००८ मा मेडभेडेभलाई सत्ता हस्तान्तरण गरे पनि प्रधानमन्त्रीका रुपमा मुलुकमा शासन गरेको पुटिनमाथि आरोप लाग्दै आएको छ।

प्रेरक

## राजाको न्याय



एकपटक महाराज रणजित सिंह कतै जाँदै थिए। अचानक कतैबाट बत्तिएर आएको एउटा इँटको ठूलै टुक्रा उनको खुट्टामा लाग्यो। उनले आफूमाथि कसले किन इँट प्रहार गऱ्यो भन्ने अनुमान लगाउन सकेनन्। सिपाहीले चारैतिर हेर्दा एक वृद्धा देखे। उनीहरूले तिनैलाई गिरफ्तार गरी महाराजसामु पेस गरे।

राजालाई देखेपछि ती वृद्धा थरथर काम्न थालिन्। राजाले केही भन्नुभन्दा पहिल्यै उनले हात जोडेर भनिन्- महाराज मेरो नाति दुई दिनदेखि भोको थियो। उसलाई खुवाउन म बयरको रूखमा इँट प्रहार गरिरहेकी थिएँ। तर, गल्तीले गर्दा हजुरलाई लाग्यो। मलाई माफ गर्नुहोस्, महाराज! महाराज रणजित सिंहले केहीबेर सोचे र ती वृद्धालाई एक हजार रुपैयाँ दिएर पठाइदिए। ती वृद्धा महाराजको जयजयकार गर्दै घरतिर गइन्।

महाराजको व्यवहार देखेर कर्मचारी र सिपाही छक्क परे। जसलाई सजाय दिनुपर्ने थियो, राजाले उसलाई पुरस्कार दिएका थिए। एक कर्मचारीले सोधे पनि- महाराज जसलाई दण्ड दिनुपर्ने थियो, उसलाई पुरस्कार किन ? साथै, उनले यसबारे अन्य मानिसले पनि थाहा पाए भने राजाको सुरक्षामै समस्या उत्पन्न हुन सक्ने र अरूले पनि राजामाथि इँट या पत्थर प्रहार गर्न सक्ने खतरा रहेकोबारे पनि चिन्ता प्रकट गरे।

उनको गुनासो सुनिसकेपछि केही गम्भीर हुँदै महाराज रणजित सिंहले भने- तपाईंले गरेको चिन्ता ठीक हो। तर, एउटा रूखले त आफूमाथि प्रहार गरिएको इँट या पत्थरको बदलामा मिठो फल दिन्छ भने म एक राजा भएर पनि उनलाई कसरी खाली हात फर्काउन सक्थेँ ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ। व्यापारमा प्रशस्त फाइदा हुनेछ। विशेष भेटघाटले काममा उत्साह बढाउला। अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व हातलागी हुनेछ। साँझतिर आम्दानी बढ्नेछ र धनलाभ हुनेछ। तर हातलागी भएको रकम सरसापटमा बाहिरिन सक्छ।

### वृष

पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। परिस्थितिवश फाइदा नहुने काममा अलमलिनुपर्ला। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

### मिथुन

स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला। न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ। साँझतिर सामाजिक कामको जिम्मेवारी आउला। चुनौतीभित्र अवसर खोज्ने समय छ। प्रयत्न गर्दा जटिल काममा समेत सकारात्मक संकेत प्राप्त हुनेछ।

### कर्कट

रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ। अतिथिका रूपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ। विभिन्न भौतिक वस्तुहरू जुटाउन सकिनेछ। साँझदेखि अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ।

### सिंह

प्रतिस्पर्धा गर्नुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे लाभ हुनेछ। भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरु हुनेछ। परिस्थितिको अनुकूलताले प्रतिष्ठा जोगाउन सफल भइनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। यात्राको प्रक्रिया अघि बढ्नेछ। पुरुषार्थी काम सिद्ध गर्ने समय छ। साँझतिर प्रियजनसँग भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

### कन्या

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्यका कारण अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। अरूका लागि धन र बुद्धि खर्चनुपर्ला। समयको गतिलाई पछ्याउन नसक्दा काममा पछि परिनेछ। साँझदेखि स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानीका स्रोत बढ्नेछन्। प्रतिस्पर्धामा विजयी भइनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ।

### तुला

हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ। बेसुरमा बोल्ने बानीले पनि दुःख पाइनेछ। आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला। हडबडीले समस्या निम्त्याउन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको विश्वास गर्दा धोका पाइनेछ।

### वृश्चिक

साहसी काम गरेर अरूको मन जित्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यावसायमा फड्को मार्न सकिनेछ। प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्। कामको उच्च मूल्यांकन हुनेछ भने लगनशीलताले विशेष अवसर दिलाउनेछ। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ। व्यापारमा प्रशस्त फाइदा हुनेछ। साँझतिर भने काम बिग्रने भयले सताउन सक्छ।

### धनु

समयमा वचन पुर्याउन नसक्दा अरूले आलोचना गर्नेछन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। सञ्चित रकम खर्चनुपर्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला। साँझदेखि स्थितिमा सुधार आउनाले नयाँ मार्गतर्फ अग्रसर भइनेछ। व्यापार बढ्नाले लाभ हुनेछ। विभिन्न भौतिक साधन संग्रह गर्ने अवसर प्राप्त हुनेछ।

### मकर

सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ। नयाँ कामको प्रस्ताव प्राप्त हुनेछ। तर सहयोगीहरूको भरपर्दा पछि परिएला। आगन्तुकहरूले काममा अवरोध पुर्याउन सक्छन्। आफन्तसँग भेटघाट हुनेछ। अवसर प्राप्त भए पनि भूलवश काममा बाधा होला। साँझतिर प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ।

### कुम्भ

सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अरूको विश्वासमा पर्दा धोका हुन सक्छ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्राको सम्भावना देखिन्छ। साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्त्वाकांक्षी काम गर्न सफल भइनेछ। तारिफयोग्य कामले प्रशंसक बढ्नेछन्। ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ।

### मीन

व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोगले फाइदा हुनेछ। सजिलै लक्ष्यमा पुग्न सकिनेछ। प्रतीक्षा गरिएको काम बन्नेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। साँझतिर खर्चको जोहो गर्न कर्जा लिनुपर्ला। धनमाल बाहिरिने समय रहेको हुँदा सतर्कता अपनाउनुहोला।

# समाचार संक्षेप

## सवारी दुर्घटनामा मृत्यु

कैलाली। गोदावरी नगरपालिका-२ पानी ट्याङकीस्थित सडकमा से.१ ख १७३१ नम्बरको ट्रकमा बा.१४ च ४६३५ नम्बरको कार सोमबार बेलुका ठक्कर खाई दुर्घटना हुँदा गम्भीर घाइते भएकी कारमा सवार सुर्खेत भेरीगंगा नगरपालिका-५ कालीदमार बस्ने २७ वर्षीया सुनिता पुन मगरको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएकी उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका कार चालकको सोही अस्पतालमा उपचार भईरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। नुवाकोट, शिवपुरी गाउँपालिका-६ कर्जुङ बस्ने ६० वर्षीय बिदुर दमाई सोही गाउँपालिका-७ शिखरवेशीस्थित कृष्ण विकको घरमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। ताप्लेजुङ, सिरिजंगा गाउँपालिका-८ याखिम बस्ने ४२ वर्षीया तारा गुरुङ सोही ठाउँस्थित मह भिरमा मंगलबार मृत अवस्थामा फेला परेकी छिन्। म्याग्दी, बेनी नगरपालिका-६ छापा माझखेत बस्ने ६० वर्षीय बल बहादुर खत्री आफ्नै घरमा मंगलबार मृत अवस्थामा फेला परेका छन्।

सुर्खेत, चिङ्गाड गाउँपालिका-२ जितेजुवास्थित भिमराज बस्नेतको गोठमा दैलेख चामुण्डा बिन्दाशैनी नगरपालिका-४ बस्ने २८ वर्षीय टेक बहादुर शाही मंगलबार मृत अवस्थामा फेला परेका छन्। गोरखा, गण्डकी गाउँपालिका-३ दाहालगाँउस्थित बारीमा हाल वतन नखुलेका ४० वर्षीय गुरुङ कान्छा भन्ने पुरुष सोमबार राति मृत अवस्थामा फेला परेका छन्।

## दुर्घटनामा मृत्यु

काठमाडौ। पाल्पा, भोजपुर, बाँके र नुवाकोटका विभिन्न स्थानमा भएका सवारी दुर्घटनमा परी ५ जनाको मृत्यु भएको छ। पाल्पा, तानसेन नगरपालिका-७ काजिपौवास्थित सडकमा लु.२ च ६३२ नम्बरको पिक-अप गाडी सडकबाट करिब २० मिटर तल खसेर गएराति दुर्घटना हुँदा गाडीका चालक बगनासकाली गाउँपालिका-४ बस्ने २० वर्षीय बिजय खाम्चा र गाडीमा सवार रिब्दिकोट गाउँपालिका-४ रानिठाटी बस्ने २७ वर्षीय राज थापाको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको उपचारको लागि मिसन अस्पताल पाल्पातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

भोजपुर, अरुण गाउँपालिका-४ छेम्ताङस्थित सडकमा ना.३ ख ३२० नम्बरको ट्रक आफै अनियन्त्रित भई सोमबार साँझ दुर्घटना हुँदा ट्रकमा सवार मोरङ पथरी शनिश्चरे नगरपालिका-८ बस्ने ४३ वर्षीय भेष बहादुर बस्नेतको घटनास्थलमै मृत्यु भएको छ। साथै दुर्घटनामा घाइते भएका ट्रक चालक अरुण गाउँपालिका-६ जरायोटार बस्ने २० वर्षीय जनक बहादुर खड्कालाई उपचारको लागि विराट नर्शिङहोम विराटनगरतर्फ पठाइएको छ।

बाँके, कोहलपुर नगरपालिका-११ शान्तिनगरस्थित सडकमा भे.१ च १६६९ नम्बरको जिपको ठक्करबाट सोही ठाउँ बस्ने धन बहादुर बिकको १८ महिने छोरा साजन बिकको सोमबार दिउँसो मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि मेडिकल कलेज कोहलपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

नुवाकोट, तादी गाउँपालिका-५ नयाँबस्तीस्थित सडकमा बा.५ ख ६४९४ नम्बरको गाडीको ठक्करबाट सोही ठाउँ बस्ने कृष्ण बहादुर तामाङको ४ वर्षीय छोरा आईतमान तामाङको सोमबार साँझ मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको खरानिटार अस्पताल हुँदै वीर अस्पताल काठमाडौंमा थप उपचारको क्रममा मृत्यु भएको हो। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। मकवानपुर, हेटौंडा उपमहानगरपालिका-४ रोयल पार्टी प्यालेस नजिक सडकमा ना.४१ प ६४३६ र ना.४९ प ६२२३ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई आइतबार साँझ दुर्घटना हुँदा ना.४९ प ६२२३ नम्बरको मोटरसाइकलमा सवार १७ वर्षीय सगुन रुम्बाको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको हेटौंडा अस्पताल हुँदै पुरानो मेडिकल कलेज भरतपुर चितवनमा थप उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका ना.४१ प ६४३६ नम्बरको मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका-१० निउरेनी बस्ने १९ वर्षीय विक्रम लामा समेत ३ जनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ। ना.४९ प ६२२३ नम्बरका मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सप्तरी, बोदेबरसाईन नगरपालिका-७ बगबिरास्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट पैदलयात्री हाल नाम, थर, वतन नखुलेका करिब ३५ वर्षीय पुरुषको गए राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको लाईफ केयर पोलिक्लिनिक बोदेबरसाईन हुँदै थप उपचारको लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। घाइते भएका मोटरसाइकल चालक बोदेबरसाइन नगरपालिका-८ काचन बस्ने ४५ वर्षीय तेजु लाल यादवको विराट नरसिँह होम विराटनगरमा उपचार भईरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका-१ कोशी ब्यारेजस्थित नहरमा सोही ठाउँ बस्ने १९ वर्षीय अक्लेस मुखिया सोमबार मृत अवस्थामा फेला परेका छन्। डडेल्धुरा, नवदुर्गा गाउँपालिका-४ सिरोड बस्ने ३६ वर्षीय रैभान साउद सोही ठाउँ साँझघाटस्थित सेती नदी किनारमा सोमबार मृत अवस्थामा फेला परेका छन्।

रुपन्देही, मायादेवी गाउँपालिका-७ हाटीवनगाई बस्ने २२ वर्षीय उमेश केवट आफ्नै घरबाट ८ सय मिटर टाढा झाडीमा सोमबार मृत अवस्थामा फेला परेका छन्। कैलाली, जोशीपुर गाउँपालिका-५ घर भई धनगढी उपमहानगरपालिका-१० स्थित श्रीकृष्ण ईटा भट्टामा मजदुरी काम गरी बस्ने ४८ वर्षीया फुलदेवी चौधरी आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेकी छिन्।

## दुर्घटनामा २ जनाको मृत्यु

चितवन। भरतपुर महानगरपालिका-२० नयाँ बजारस्थित सडकमा ना.३ ख ८३६० नम्बरको बस र ना.४९ प ६६४६ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई आइतबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको हो। मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सोही महानगरपालिका-११ बस्ने २७ वर्षीय मन्जिल पौडेल र सोही ठाउँ बस्ने २३ वर्षीया पार्वती अधिकारी रहेका छन्। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

## स्वीमिङ पुलमा पौडी खल्ने क्रममा डुबेर मृत्यु

सिन्धुपाल्चोक। चौतारा साँगाचोकगढी नगरपालिका-९ सुकुटेस्थित रिभर वई यारप्टिङ एण्ड रिसोर्टको स्वीमिङ पुलमा पौडी खल्ने क्रममा डुबेर काठमाडौं सिनामंगल बस्ने सिन्धुली फिखल गाउँपालिका-२ घर भएका १९ वर्षीय सुशिल भण्डारीको आइतबार साँझ मृत्यु भएको छ। पौडी खेल्ने क्रममा डुबेर अशक्त भएका उनलाई सदाबहार खाडीचौर हुँदै ईन्टरनेशनल अस्पताल कौशलटार भक्तपुरमा थप उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। गुलरिया-८ भादा नदीको किनारमा सोही नगरपालिका-१२ बस्ने कल्लु गद्दी मृत भेटिएका छन्। बनेपा-७ सिनागालस्थित पार्किङ गरिराखेको बसभित्र हाल नाम, थर वतन नखुलेकी महिला मृत अवस्थामा फेला परेकी छिन्।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Subside = घटदै वा किनारा लाग्दै जानु After taking medicine for three days, his fever began to subside (तीन दिन सम्म औषधि सेवन गरेपछि उस्को ज्वरो घट्न शुरु गऱ्यो )

Trite = उस्तै लाग्ने नौलोपन नहुनु Because of the trite many viewers turn off the television channel frequently (उस्तै लाग्ने कार्यक्रम भएको (नौलो कार्यक्रमको अभावको ) कारण धेरै दर्शकहरूले टेलिभिजनको च्यानल छिटोछिटो परिवर्तन गर्दछन )

Unrequited = वरावरीको व्यवहारको अभाव She rebuked her boy friend for his unrequited love (आफुले दर्शाएको जतिनै प्रेम नदर्शाएकोमा उनी आफ्नो प्रेमी प्रति क्रोधित भइन )

Vitiate = प्रभावहीन वनाउनु, धमिल्याउनु The pollution has vitiated the atmosphere of inner city(प्रदुषणले भित्री शहरको वातावरण धमिल्याइदिएको छ )

Wont = चलन वानी I like very much her wont of jogging half an hour everymorning (हरेक विहान आधा घण्टा दौडने उन्को वानी मलाई ज्यादै मनपर्छ )

Arduous = कडा It is beyond his capacity to perform such an arduous task (यति कडा काम सम्पन्न गर्नु उस्को क्षमता भन्दा वाहिरको कुरा हो )

Bristle = ठाडो हुनु If you cut your hair very short, it bristles (यदि तिमीले आफ्नो कपाल छोटो पारी काट्यौ भने यो ठाडो हुन्छ)

Convoluted = घुमाउरो पाराको He is expert in making convoluted argument (उ घुमाउरो तर्क दिन खप्पिस छ )

Disparate = फरक He and his father have disparate beliefs about religion (ऊ र उस्को वावु वीच धर्ममा विश्वाश गर्ने वा नगर्ने भन्ने विषयमा फरक मत छ )

Extrude = उक्याउनु I use all my efforts but could not extrude this plastic (मैले सबै खाले प्रयत्न गरे तर पनि यो प्लाष्टिक उक्याउन सकिन )

# Show बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Show the white feather = डर देखाउनु Instead of convincing positively he shows the white feather to get thing done सकारात्मक तरिकावाट विश्वस्त तुल्याई काम गराउनु भन्दा उ डर देखाएर काम लगाउछ।

Show willing = तत्परता देखाउनु I do not think that they want my help however I go there to show my willing तिनीहरूले मेरो मध्दत चाहेको जस्तो मलाइ लाग्दैन तैपनि म सहयोगको तत्परता देखाउन त्यहा जान्छु।

Show Something/nothing = देखाउने कुरा हुनु। नहुनु Our life is very much somple, we have nothing to so (we do not have anything to show) हाम्रो जीवन धेरै सरल छ देखाउनको लागि हामीसंग केहि पनि छैन।

Show off = प्रभाव पार्नु The child danced well to show off every body in the room कोठामा भएका हरेकलाई प्रभाव पार्न वच्चाले राम्रै नाच्यो।

Show somebody off = कसैको ध्यान खिच्नु She dressess in such a way to show everyone off हरेकको ध्यान खिच्ने तरिकाले तिनी लुगा लगाउछिन।

Show something off = छ भनेर देखाउनु He likes showing off his ability to speak English well ए आफु कति राम्रो अंग्रेजी वोल्छु भनेर देखाउन मनपराउछ।

Show the door = गलहत्याउनु After having insulted his host he was shown door निम्ता गर्ने ब्यक्तिलाईनै वेइजत गरेपछि उ गलहत्याइयो।

Show up = आइपुग्नु It is already ten O'clock, he has not yet shown up दश वजिसक्यो उ अझै आइपुगेको छैन।

Show something up = प्रमाणित गर्नु The stoneworks excavated here shows up the sign of human settlement यहा फेला परेका ढुंगाका सामानले यहा मानव वस्ति थियो भन्ने कुरा प्रमाणित गर्दछ।

Show something up = देखिनु The sunlight shows the dust up on the table (घामलाग्दा टेवलमाथिको धुलो देखिन्छ)

## सुडोकु-अंक २२१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ८ | | ३ | | ४ | | |
| | ७ | ३ | ४ | | ६ | ५ | १ | |
| | ४ | | | | | | ३ | |
| | ६ | | ५ | | ३ | | ९ | |
| | | | ७ | | ८ | | | |
| | ३ | | ९ | | ४ | | २ | |
| | ९ | | | | | | ८ | |
| | ५ | ४ | १ | | २ | ७ | ६ | |
| | | १ | | ४ | | २ | | |

## अंक २२० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ५ | २ | १ | ७ | ३ | ९ | ८ | ६ |
| १ | ८ | ३ | ६ | ४ | ९ | ७ | २ | ५ |
| ७ | ९ | ६ | ५ | ८ | २ | ४ | १ | ३ |
| ५ | ६ | ९ | ७ | १ | ४ | ८ | ३ | २ |
| ८ | ४ | ७ | २ | ३ | ६ | १ | ५ | ९ |
| ३ | २ | १ | ८ | ९ | ५ | ६ | ४ | ७ |
| २ | १ | ८ | ९ | ५ | ७ | ३ | ६ | ४ |
| ९ | ३ | ५ | ४ | ६ | ८ | २ | ७ | १ |
| ६ | ७ | ४ | ३ | २ | १ | ५ | ९ | ८ |

# A Leader of Strong Will



Despite the protracted and ever-growing economic blockade and military threats by the hostile forces that are not happy with its independent advance and development, the Democratic People's Republic of Korea is steadfastly following the road of its development. Moreover, the country is dynamically advancing to achieve the ambitious objective for building itself into a powerful socialist country.

This eye-opening reality is unthinkable separated from the leadership of Kim Jong Un, president of the State Affairs of the DPRK.

The international community regards the DPRK leader as a leader of strong will.

At the Fifth Plenary Meeting of the Seventh Central Committee of the ruling Workers' Party of Korea held in December 2019, Kim Jong Un said that a fierce confrontation with the enemy is always accompanied by the work of strengthening one's own forces and one can take the initiative in the confrontation and achieve victory only when one gives priority to strengthening oneself. And he advanced the slogan "Let us smash straight through all the barriers hampering our advance!"

He led all the people in the frontal attack for achieving a breakthrough, so as to frustrate the hostile forces' blockade on the strength of self-reliance. He encouraged all the units of the national economy to push ahead with sustainable development of the country by relying on domestic raw materials and resources and by constantly exploring and utilizing internal potentials and internal dynamic force. He ensured that the military capability of the country for self-defence was further bolstered up to cope with the military challenge by the hostile forces.

For the country, 2020 was a year of unexpected disasters; it had to conduct the epidemic prevention work in the face of the worldwide health crisis and, at the same time, rehabilitate the areas hit by unprecedentedly severe flooding and subsequent typhoons.

Giving absolute priority to protecting the people's lives and security, Kim Jong Un ensured that the epidemic prevention efforts were intensified; he also saw to it that rehabilitation projects were conducted simultaneously in the disaster-stricken areas of the country. Having successfully overcome all the difficulties, he unfolded a blueprint for bringing about a brighter future; when he visited the Komdok area, a leading nonferrous mineral producer of the country, which had been devastated by the natural disaster, he set forth a long-term goal to turn it into a world-class gorge town instead of merely rehabilitating the area.

## गोर्खा संगठनहरूको जोन्सनलाई पत्र

लण्डन । भूतपूर्व गोर्खाहरूको हकहितका लागि भनी गठित भूपू गोर्खाका पाँच संगठन र गैरआवासीय नेपाली संघ बेलायतले संयुक्तरूपमा बेलायतका प्रधानभमन्त्री बोरिस जोन्सनलाई पत्र पठाएका छन् । लामो समयदेखि भूपू गोर्खाहरूको असमान पेन्सन तथा अन्य समस्याहरूका सम्बन्धमा पटकपटक आन्दोलन गर्दै आइरहेका सङ्गठनहरूले यसपटक एकजुट भई मङ्गलबार पत्र पठाएका हुन् ।

पत्रमा यही जुलाई १ तारिखभित्र नेपाल र बेलायत सरकारबीच वार्ता समिति गठन गरी भूपू गोर्खालाई दिँदै आएको असमान पेन्सनलगायतका समस्याहरू समाधान गर्न आग्रह गरिएकोछ । संयुक्तपत्रका एक हस्ताक्षरकर्ता मेजर टिकेन्द्र दल देवानले पत्रको जवाफ बेलायत सरकारले जुन रूपमा फर्काउँछ सोहीअनुरुप आफूहरूले थप अन्य कार्यक्रम तयार पार्ने बताए । उक्त संयुक्तपत्रमा ब्रिटिश गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान यूकेका संयोजक थर्क राना, गेसोका कार्यवाहक सभापति धर्म तामाङ, गोर्खा सत्याग्रह संयुक्त सङ्घर्ष समितिका प्रमुख संयोजक कृष्णबहादुर राई, ब्रिटिस गोर्खा नेपाल भूपू सैनिक सङ्घका अध्यक्ष केशबहादुर गुरुङ, ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीका अध्यक्ष मेजर (रि.) टिकेन्द्र दल देवान र गैरआवासीय नेपाली सङ्घ यूकेका उपाध्यक्ष एवं गोर्खा विभागका प्रमुख संयोजक प्रेम गाहा मगरको हस्ताक्षर रहेको मेजर देवानले जानकारी दिए । यसैगरी सङ्गठनहरूले संयुक्तरूपमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि केही समयभित्रै एक छुट्टै पत्र लेखी पठाउने कार्यक्रम रहेको बताएका छन् ।

## म्यान्मारमा कलाकार पक्राउ

याङ्गुन । म्यान्मारको जुन्ता सरकारले यहाँको सैनिक विद्रोहको विरोध गरिरहेका १२० जना भन्दा बढी कलाकारलाई नियन्त्रणमा लिएको छ । यहाँको सरकारले पछिल्लो समयमा सैनिक विद्रोहका विरुद्धमा विभिन्न कलाकारिता प्रस्तुत गरको भन्दै उनीहरूलाई पक्राउ गरेको बिहीबार बताइएको छ ।

ती कलाकारहरू मध्येका प्रमुख हुन् यहाँका एकजना गायक र मोडेल पाइङ ताखोन । उनी म्यान्मार र थाइल्याण्डमा समेत चर्चित गायक, मोडेल र कलाकार हुन् । उनले पछिल्लो समयमा म्यान्मारको सैनिकले विद्रोह गरेर सत्ता हत्याएको विरोधमा कार्यक्रम गर्दै आएका थिए । अहिले म्यानमारमा विरोध प्रदर्शन जारी छ र यसमा कलाकारहरूले विभिन्न कला पनि प्रस्तुत गर्ने गरेका छन् । उनीसहित उनका अरु सहयोगी तथा कलाकारहरूलाई पनि म्यानमारको सेनाले पक्राउ गरेर थुनामा राखेको बताइएको छ । यहाँ गत फेब्रुअरी १ मा सरकारलाई अपदस्थ गरी सेनाले सत्ता लिएको छ । त्यसका विरुद्धमा म्यान्मारमा शुरुदेखि नै विरोध भइरहेको छ । सैनिक सरकारका विरुद्धमा यहाँका लेखक, पत्रकार, कलाकार तथा समाजका विभिन्न क्षेत्र र बर्गका नागरिकहरूले सडक संघर्षलाई जारी राखेका छन् ।

उनी म्यानमारको याङ्गुनबाट दक्षिणी शहरमा बस्दै आएका थिए । आमाको घरमा बसिरहेका उनलाई पक्राउ गर्नका लागि आठ ओटा सैनिकका ट्रकमा करिब ५० जना सेना आएका थिए । ती कलाकारकी बहिनी थिथि लिविनले सो समाचार फेसबुकमा पोष्ट गरेको बताइएको छ ।

उनलाई बिहीबार बिहानै निवासमै आएर सेनाले पक्राउ गरी लगेको थियो । ती कलाकार विरामी नै रहेका बेलामा सेनाले पक्राउ गरेको र उनलाई कहाँ लगेर राखेको छ भन्ने बारेमा केही थाहा पनि नभएको पनि उनकी बहिनीले बताएकी छन् ।

## चन्द्रमामा अन्तरिक्ष स्टेशन बनाउने योजना



चीन र रुसले चन्द्रमामा अन्तरिक्ष स्टेशन बनाउने घोषणा गरेका छन् । रुसी रोसकोसमोसले चीनको न्याशनल स्पेस एड्मिनिस्ट्रेशनसँग चन्द्रमाको सतह, बाहिरी कक्ष वा दुवै स्थानमा अनुसन्धान सुविधाहरू विकास गर्न सहमति गरेको बताएको छ । दुवै देशको अन्तरिक्ष निकायहरूको एउटा वक्तव्यमा स्टेशन अन्य देशका लागि पनि उपलब्ध हुने उल्लिखित छ ।

रुसले पहिलो मानवयुक्त अन्तरिक्षयानको उडानको साठिऔँ वार्षिकोत्सव मनाउने तयारी गरिरहँदा यो घोषणा भएको हो। इन्टरन्याश्नल साइन्टिफिक लूनर स्टेशनले चन्द्रमाको अध्ययन र उपयोग अनुसन्धान लगायतका अन्तरिक्षसम्बन्धी कामहरू गर्ने विज्ञप्तिमा जनाइएको छ ।

'चीन र रुसले अन्तरिक्ष विज्ञान, अध्ययन र विकासमा बटुलेको अनुभव एवम् अन्तरिक्ष उपकरण र अन्तरिक्ष प्रविधि प्रयोग गरेर संयुक्त रूपमा इन्टरन्याश्नल साइन्टिफिक लूनर स्टेशनको निर्माणका लागि कार्य योजना तयार गर्नेछन्,' चिनियाँ भाषाको विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा योजना, डिजाइन, विकास र सञ्चालनका लागि चीन र रुसले सहकार्य गर्ने बताइएको छ ।


चीनको अन्तरिक्ष कार्यक्रममा विज्ञता हासिल गरेका चेन लानले यो ठूलो महत्त्वको कुरा भएको बताए । 'चीनका लागि यो सबैभन्दा ठूलो अन्तरिक्ष सहकार्य योजना हो, त्यसैले यो महत्त्वपूर्ण छ,' उनले थपे ।

अन्तरिक्षको विषयमा चीन नवागन्तुक देश हो तर गत वर्षको डिसेम्बरमा चिनियाँ यानले चन्द्रमाबाट चट्टान र माटो सफलतापूर्वक पृथ्वीमा फर्काएको छ।यसलाई चीनको अन्तरिक्ष क्षमताको उदाहरणको रूपमा हेरिएको थियो ।

अन्तरिक्ष अध्ययनमा अग्रणी भूमिका खेलेको रुसलाई भने अमेरिका र चीनले हालैका दिनमा ओझेलमा पारेका छन् । गत वर्ष स्पेसएक्सको सफलतापछि रुसले इन्टरन्याश्नल स्पेस स्टेशनमा यात्रु ओसार्ने एकाधिकार गुमाएको थियो ।

अमेरिकाले सन् २०२४ मा चन्द्रमामा फर्किने योजना बनाएको छ । योजनाअनुसार भएमा सन् १९७२ पछि पहिलो पटक एक अमेरिकी पुरुष र एक महिलाले चन्द्रमाको सतहमा पाइला टेक्नेछन् ।

## कमाण्डो तालिमको दिक्षान्त



नवलपरासी (पश्चिम) । नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासी (पश्चिम) मा संचालित छैटौं समूहको प्रहरी विशेष कला तथा कारवाही (कमाण्डो) तालिमको दिक्षान्त समारोह प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको प्रमुख आतिथ्यमा सोही महाविद्यालयमा आइतबार सम्पन्न भएको छ ।

समारोहमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले तालिममा सहभागी प्रशिक्षार्थीहरूमध्ये तालिमको विभिन्न विधामा सर्वोत्कृष्ट स्थान हाँसिल गर्ने प्रशिक्षार्थीहरूलाई पुरस्कार प्रदान गर्नुभयो ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले सम्बोधनको क्रममा प्रशिक्षार्थीहरूलाई उच्च मनोवल र उच्च अनुशासनका साथ कार्यक्षेत्रमा नागरिक सेवालाई सर्वोपरी ठानी अदम्य साहस र उर्जाका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । तालिममा हासिल गरेका ज्ञान, सीप, कौशललाई व्यवहारमा अक्षरस लागू गरी संगठनको छविलाई उच्च राख्न लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज काठमाडौंका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक प्रद्युम्न कुमार कार्कीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा सुनवल नगरपालिकाका प्रमुख भिम बहादुर थापा क्षेत्रीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाहका प्राचार्य प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले स्वागत मन्तव्य व्यक्त गर्दै महाविद्यालयमा संचालन हुने तालिमद्वारा उत्पादित जनशक्तिले देशमा उत्पन्न हुने सशस्त्र विद्रोह लगायत विपद्को परिस्थितिमा काम गर्न सक्ने जानकारी दिनुभयो ।

समारोहमा तालिम संयोजक प्रहरी उपरीक्षक वीरबहादुर ओलीले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै जम्मा ९० कार्यदिन अवधिको उक्त तालिममा प्रहरी निरीक्षक ६ जना, प्रहरी सहायक निरीक्षक १६ जना र प्रहरी जवान १ सय १६ जना गरी जम्मा १ सय ३८ जनाको सहभागिता रहेको जानकारी दिनुभयो । उक्त समारोहमा प्रशिक्षार्थीहरूले इमिडियट एक्सन ड्रिल अन्तर्गत फायर एण्ड मुभ अभ्यास, होस्टेज रेस्क्यू अपरेसन डेमोन्स्ट्रेसन तथा अनआर्म कम्ब्याट समेत प्रदर्शन गरेका थिए ।

समारोहमा लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक रविन्द्र बहादुर धानुक, नवलपरासी जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय जनप्रतिनिधि, सशस्त्र प्रहरी बलका वरिष्ठ प्रहरी अधिकृत लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूको साथै सञ्चारकर्मीहरूको समेत उपस्थिति रहेको थियो ।

दिक्षान्त समारोह पश्चात प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जिल्ला प्रहरी कार्यालय नवलपरासी (पश्चिम)मा आयोजित कार्यक्रमबिच सोही कार्यालय तथा मातहत कार्यालयमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरूलाई समसामयिक विषयमा निर्देशन समेत दिनुभयो ।

निर्देशन सम्बोधन कार्यक्रममा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज काठमाडौंका कार्यकारी निर्देशक प्रद्युम्न कुमार कार्की र लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक रविन्द्र बहादुर धानुक समेत उपस्थित रहनु भएको थियो ।

## रात्रिकालीन व्यवसाय बन्द गर्न निर्देशन

काठमाडौं । कोरोना संक्रमण जोखिम बढेसँगै सरकारले राति ९ बजेपछि रेस्टुरेन्ट बन्ददेखि आवागमनमा समेत कडाइ गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घरबाहिर र सार्वजनिक स्थानमा मास्क प्रयोग अनिवार्य गराउन देशभरका जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरेको छ । कतिपय विद्यालयमा जनस्वास्थ्य मापदण्ड पालना नभएको पाइएपछि उच्च सतर्कता अपनाउन मन्त्रालयले भनेको छ ।

हाल, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट भइरहेको निगरानीमा मन्त्रालयद्वारा बुधबार जारी सूचनामा 'काठमाडौं, पोखरालगायतका ठूला सहरमा विद्यालय समूहमा संक्रमण बढ्दो रहेकाले सम्पूर्ण शैक्षिक संस्थामा उच्च सतर्कता अपनाउन' अनुरोध गरिएको छ ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जोखिम बढेका ठूला सहरमा सार्वजनिक यातायात वा भीडभाड कम गर्ने र जनस्वास्थ्यका मापदण्ड कडाइसाथ अनिवार्य पालना गर्न गराउन आग्रह गरिएको जानकारी दिए ।

ठूला सहरमा ५ सयभन्दा बढी र सानामा सयभन्दा बढी सक्रिय संक्रमित देखिएको अवस्थामा आवागमनमा कडाइ गर्न मन्त्रालयले सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

बढी भीडभाड हुने स्थान सपिङ मल, सिनेमा हल, नाचघर, हेल्थ क्लब, स्विमिङ पुल, पार्टी प्यालेस, मन्दिरलगायत क्षेत्रमा उच्च स्वास्थ्य सुरक्षा सावधानी अपनाउन आग्रह गरिएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार विदेशबाट फर्केपछि घरमा क्वारेन्टाइनमा रहेका र संक्रमित भएर घरमै आइसोलेसनमा बसेकाले पनि जनस्वास्थ्यका मापदण्ड कडाइसाथ पालना गर्नुपर्नेछ । संक्रमण बढी जोखिम हुने स्थानमा 'र्‍यान्डम एन्टिजेन' परीक्षण बढाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

यसैगरी, बुधबार देशभर ३ सय ३९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पीसीआर परीक्षणमा २ सय ९८ र एन्टिजिन परीक्षणमा ४१ गरी ३ सय ३९ जनामा कोरोना पोजेटिभ देखिएको छ । योसँगै देशभर कुल संक्रमित संख्या २ लाख ७८ हजार ८ सय ९ पुगेको छ ।

## पत्रकार महासंघको चुनावी परिणाम

ललितपुर । नेपाल पत्रकार महासंघ ललितपुर शाखा अध्यक्षमा सागर न्यौपाने विजयी भएका छन् । बुधबार भएको महासंघको २६औँ महाधिवेशनमा विपुल पोखरेल प्यानलका न्यौपानेले २६७ मत प्राप्त गरेका हुन् । ललितपुरमा कूल मतदाता ४५४ रहँदा ३८३ मत खसेको निर्वाचन समिति सदस्य तथा ललितपुर बार एशोसियशनका अध्यक्ष अर्जुन महर्जनले जानकारी गराए ।

झापा अध्यक्षमा एकराज गिरी विजयी भएका छन् भने अधिकांश पदमा उनकै प्यानल विजयी भएको छ । गिरीले प्रेस चौतारीका विशाल नेम्वाङ र प्रेस चौतारीबाटै बागी उम्मेदवारी दिएका तीर्थ सिग्देललाई हराएका हुन् । म्याग्दीमा महासंघ म्याग्दी शाखाको अध्यक्षमा प्रकाश पौडेल निर्वाचित भएका छन् । पौडेलले उनका प्रतिस्पर्धी ठाकुरप्रसाद आचार्य (शिव) लाई ३ मतको अन्तरले पराजित गरेका हुन् । पौडेलको ३० मत पाएका थिए भने आचार्यले २७ मत प्राप्त गरेका थिए ।

तनहुँमा अध्यक्षमा उज्वल पौडेल निर्वाचित भएका छन् । पौडेलले ५७ मत प्राप्त गरेका छन् भने उनका निकटम प्रतिद्वन्द्वी शेख मोहम्द हनिफ (गोरा मियाँ) ले ५३ मत ल्याएका थिए । पर्वतमा अध्यक्षमा सन्तोष थापा विजयी भएका छन् । बुधबार राति सम्पन्न मतपरिणाम अनुसार थापा आफ्ना निकटतम प्रतिद्वन्द्वी अगन्धर तिवारी भन्दा दुई मतको अन्तरमा विजयी भएका हुन् । थापाले २८ र तिवारीले २६ मत प्राप्त गरेका थिए ।

कास्कीमा अध्यक्षमा विमला भण्डारी निर्वाचित भएकी छन् । महासंघको बिहीबार सम्पन्न अन्तिम मतपरिणाममा उनले अध्यक्षका प्रत्यासी केशवशरण लामिछानेलाई ५३ मतअन्तरले पराजित गर्दै निर्वाचित भएकी हुन् । महासंघ कास्कीमा पहिलो पटक महिला नेतृत्व निर्वाचित भएको हो ।

## तुवाँलो...

गम्भीर असर पारिरहेको छ । पुराना तथा प्रदुषक सवारी साधनहरूको निर्वाध सञ्चालन, देशका विभिन्न भागमा लागेको डडेलो, पूर्वाधार तथा विकास निर्माणका योजनाहरूको कार्यान्वयनमा देखाइएको वातावरणीय उदाशिनता, मापदण्ड वाहिरका ईटाभट्टा, उद्योगधन्दा एवं कलकारखानाहरूको अव्यवस्थित विकास र विस्तार, जनसंख्याको चापका साथै उत्पन्न फोहोरमैलाको अवैज्ञानिक व्यवस्थापन उपत्यकाको वायु प्रदुषणका लागि जिम्मेवार छन् ।.त्यसमा पनि खासगरी पुराना र प्रदूषक सवारी साधन कासाथै देशका विभिन्न भागहरूमा विगत वर्षहरूदेखिनै सुख्खा मौसममा लाग्दै आएको डढेलोनियन्त्रणमासम्वन्धित निकायको उदाशिनताका कारण काठमाण्डौ उपत्यकामा हाल वायु प्रदूषण उच्च छ ।

सफा विद्युतिय सवारी साधन प्रर्वद्धन गर्ने सरकारी नीतिका वावजुदउपत्यकामा वर्षेनि सवारी साधनको वृद्धि करिब एक सय २५ प्रतिशत भन्दा वढी छ । उच्च संख्यामा वढेका सवारी साधन तथा पुराना प्रदूषक सवारी साधन उपत्यकाको वायू प्रदूषणको प्रमुख कारक वनिरहेका छन् । प्रत्येक वर्ष सुख्खा मौसममा देशका ५० भन्दा वढि जिल्लाहरूका करिव ५०० भन्दा वढि स्थानहरूमा डढेलोलाग्ने गरेको सरकारी तथ्यांक छ । डम्पिङ्ग साईट व्यवस्थापनको अभावमा उपत्यकाका गल्ली र चोकहरूमा फोहरमैला यत्रतत्र थुप्रिएका छन् । उपत्यका वरिपरि रहेका ईटाभट्टाहरूकले ठूलो परिमाणमा वायु प्रदूषण गरेकै छन् । परिणाम स्वरुप उत्पन्न परिस्थितिले प्रदूषण नियन्त्रणमा सरकारी प्रयासहरू निश्प्रभावी भएको देखाउदछ ।

यस वर्षको सुख्खायाम अर्थात आजका दिनमा पनि देशका ६०० भन्दा वढि वनक्षेत्रमा डढेलो लागिरहेको विवरणहरू प्राप्त भएका छन् । यस वर्ष नेपालका वन क्षेत्रमा लागेको डढेलो एक दशकयताकै उच्च भएको वन तथा भूसंरक्षण विभागले जनाएको छ । मूलरुपमा काठमाण्डौ उपत्यकाको दक्षिणी भेगमा लागेको डढेलोबाट निस्किएको धुवाँ तथा नेपालका तराईका साथै भारतका दिल्ली-हरियाणा आसपासका क्षेत्रमा ठूलो मात्रामा कृषिकार्यका लागि आगो बाल्दा निस्किएको धूवाँ उपत्यकाको वायुमण्डलमा प्रवेश गरेपछि हावा हुरी चल्ने चैत्र महिनाको तेस्रो हप्तासम्म काठमाण्डौ उपत्यकामा हावाको वहाव ठप्प जस्तै छ । यो अवस्थालाई चिर्दै हालउपत्यकामा भएको फाट्टफुटट्ट वर्षा र हल्का हावाको वहावले उपत्यकावासीलाई प्रदूषणवाट केहीहद सम्म राहत दिलाएको भएता पनि कचौरा आकारको धरातलिय वनौटका कारण उपत्यको वायुमण्डलमा तैरिएर रहेका घातक प्रदूषण यथाअवस्थामानै रहेका कारण कतिवेला संकट निम्तिने होत्यो भन्न सकिने अवस्था छैन ।

उपत्यकाका विभिन्न ६स्थानमा जडान गरिएका प्रदूषण मापन केन्द्रले अहिले पनि ती ठाउँको अवस्था "गम्भीर" रहेको देखाएका छन् । काठमाण्डौं उपत्यकामा वायुको अवस्था कतै "खतरनाक" त कतै "निकै अस्वस्थ" त कतै घातक अवस्थामा रहेको केन्द्रले जनाएको छ । काठमाडौं उपत्यकाका वायु प्रदुषण मापक यन्त्रहरूमध्ये अधिकांशल हावामा धुलोको कण र सिसाको औसत मात्रा मापदण्डभन्दा पाँचगुणाभन्दा वढी खराब रहेको देखाएका हुन । हाल उपत्यकामा पश्चिमी वायुको प्रभाव केही

- **वायु प्रदूषणका कारण नेपालमा वर्षेनी ३७ हजारको मृत्यु**
- **काठमाण्डौं उपत्यकावासीको जीवन थप जोखिममा**
- **वायुको स्तर कतै खतरनाक त कतै अस्वस्थ्य**
- **स्वाशप्रश्वास, आँखा र मुटुरोगी वढ्दै**
- **बिहान ५ बजेदेखि १० बजेसम्मको समय सबैभन्दा बढी प्रदूषित**

मात्रामा देखिने भए तापनि त्यसले ठूलो वर्षा गराउने सम्भावना न्यून रहेकाले पूर्ण रूपमा तुँवालो हट्न अझै केही दिन लाग्नेजल तथा मौसम विज्ञान विभागले जनाएको छ । उपत्यकामा वायु प्रदूषण बढेपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वक्तव्य जारी गर्दै सर्वसाधारणलाई स्वास्थ्यको ख्याल गर्न, घरबाहिर ननिस्किन, अनावश्यक रूपमा सवारीसाधन नचलाउन, फोहोर ,धूलो र धुवाँ उत्पन्न हुनेखालका निर्माण कार्य नगर्न आग्रह गर्ने वाहेक कुनै ठोस कदम चालेको छैन।

विश्व स्वास्थ्य संगठनले सन् २०१८ मा नेपालमा ३७हजार जनाको वायु प्रदूषणका कारण ज्यान गएको तथ्यांक हालै सार्वजनिक गरेको छ ।त्यसपछिका वर्षहरूमा यसवाट के कति हताहती भयो त्यस सम्वन्धी कुनै अध्ययन/अनुसन्धान नभएको भएता पनि अवस्था हेर्दा स्थिति जटिल रहेको सहजै अनुमान गर्न सकिन्छ । वायु प्रदूषणले विशेषतः मानिसको फोक्सो र आँखामा सङ्क्रमण हुने चिकित्सकहरू वताउदछन् । उनीहरूका अनुसार अहिले देखिएको प्रदूषणका कारण सावधानी नअपनाएमा यसले मानव स्वास्थ्यमा विशेषगरी स्वाश्प्रश्वास र आँखामा सङ्क्रमण हुने गम्भीर जोखिम छ । यसैका कारण हाल उपत्यकामा घाँटी दुख्ने, टाउको दुख्ने, हाच्छियुँ आउने, खोकी लाग्ने, नाकबाट सिँगान बग्ने तथा छातीमा सङ्क्रमण वढ्नथालेको स्वास्थ्यकर्मीहरू वताउदछन् । प्रदूषणकै कारण वायुमण्डलमा भाइरसको विस्तार उच्च भएकाले भाइरल सङ्क्रमणको जोखिम पनि त्यत्तिकै छ । खासगरी यसले स्वाशप्रश्वास सम्वन्धी दीर्घरोगीलाई तत्कालै असर गर्न सक्ने भएकाले त्यस्ता रोगीहरूले विशेष सर्तकता अपनाउनुपर्ने अवस्था छ ।

हाल उपत्यकाको वायुमण्डलमा देखिएको कार्बन मनोअक्साइड, नाइट्रस अक्साइडका कारण आँखाको नानी र कोर्नीआको बाहिरको सतहमा असर पार्ने भएकाले आँखा रातो हुने, चिलाउने र दुख्ने, आँखाबाट आँसु आइरहने, आँखाको डिल सुन्निने जस्ता समस्याहरू आउने भएकाले त्यसवाट आँखाको रेटिना बिग्रिई मोतीबिन्दु वा जलबिन्दु हुनसक्ने खतरा रहेकाले त्यसवाट वच्न आँखालाई दिनमा दुईदेखि तीन पटकसम्म सफा चिसो पानीले सफा गर्न, चस्मा वा सनग्लासको प्रयोग गर्न, आँखा सुख्खा भएमा नक्कली आँसु प्रयोग गर्न र आँखा नमिच्न चिकित्सकहरूको सुझाव छ ।

अहिलेको प्रदूषणबाट सवैभन्दा वढि श्वासप्रश्वाससम्बन्धी रोगीहरूलाई असर पर्ने भएकाले त्यस सम्वन्धी रोगीहरूले यो समस्याबाट बच्न घरभित्रै बस्न र घरभित्र बस्दा पनि झ्याल ढोका बन्द गर्न उपयुक्त हुने चिकित्सकहरू वताउँदछन् । खासगरी बिहान ५ बजेदेखि १० बजेसम्मको समय सबैभन्दा बढी प्रदूषित हुने भएकाले मास्क लगाएर बाहिर निस्कदा पनि समस्या आउन सक्ने भएकाले सो अवधिमा प्रातः भ्रमणमा पनि ननिस्कन उनीहरूको सुझाव छ ।

काठमाण्डौ उपत्यकासहित देशभरि केही समय अगाडि फैलिएको तुँवालो तुरुन्तै पूर्णरुपमा हट्ने सम्भावना नरहेकोले वायु प्रदूषणको अवस्थामा तत्काल सुधार नआउने वातावरणविदहरू वताउँछन् । उपत्यकामा ठूलो पानी पर्ने र वायुको गति वढ्ने अवस्था नरहेकोले प्रदूषण तत्काल हट्ने संभावना नरहेको हो । प्रदूषणले जनस्वास्थमा पार्ने असरहरू देखापर्न थाले सँगै सरकारले देशैभरि चार दिनका लागि सबै विद्यालय बन्द गर्ने निर्णय लिएको थियो । विद्यालय वन्द सँगसगै उपत्यकामा प्रदूषणको कारक मानिएका सवारी साधनलाई समेत सञ्चालन नियन्त्रण गर्ने सोच सरकारको रहेको वताईएतापनि तत्काल अवस्थामा आएको सामान्य परिवर्तन सँगसँगै सरकार पुन प्रदूषण नियन्त्रणको जिम्मेवारीवाट पछि हटेको छ ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रदान गरेको छ । वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक संविधानले दिएको छ । ऐन, कानुन, निर्देशिका, मापदण्डहरूमा का साथै वन तथा वातावरण मन्त्रालयले सफा र स्वच्छ काठमाण्डौ उपत्यका वनाउने दीर्घकालीन सोचका साथ निर्मित काठमाण्डौ उपत्यका वायू गुणस्तर व्यवस्थापन कार्ययोजनामा रहेका प्रदुषण नियन्त्रण सम्वन्धी प्रावधानहरू कार्यान्वयनको चरणसम्म पुग्न नसक्नु र प्रदूषणका कारण उत्पन्न तत् कालीन परिस्थितिको गम्भीर आंकलन गरी नियन्त्रणमा यथोचित कदमे उठाउन नसक्नु नै उपत्यकाको वायु प्रदूषणको सवैभन्दा ठूलो चुनौती हो ।

बर्षायाममा पानी र गर्मीयाममा हावाले वायु प्रदुषणलाई प्राकृतिक तवरले केहिहद सम्म नियन्त्रण गरे तापनि अहिले त्यो अवस्था नरही उपत्यकाको धरातलिय बनौंटका कारण यहाको वायु अन्य क्षेत्रमा फैलिन नपाई लामो समयसम्म वायुमण्डलमै तैरिएर रहने गरेकाले यहाँको अवस्था थप थप जटिल छ । यो अवस्थामा सुधार ल्याउनका निर्माण भएका संविधान, ऐन, कानुन, निर्देशिकाका तथा मापदण्डहरूमा प्रदुषण नियन्त्रणका लागि व्यवस्था गरिएका प्रावधानहरू कार्यान्वयनको चरणसम्म पुग्न आवश्यक छ । प्रदूषण वढेको समयमा मात्र यसप्रति चासो एवं सरोकार देखाउने भन्दापनि निरन्तर यसप्रतिको सावधानीले अवस्थामा अपेक्षित सुधार ल्याउन सकिन्छ । खासगरी उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि वातावरण विभाग, यातायात कार्यालय, ट्राफिक कार्यालय जस्ता सरोकारवाला निकायहरूको एकीकृत तथा प्रभावकारी पहल आवश्यक छ । वायु प्रदूषण जस्तो गम्भीर विषयमा अझ पनि सचेत नहुने हो यसले उपत्यकावासीको जीवन जोखिममा पर्ने निश्चित छ ।

*(लेखक वातावरण पत्रकार हुन् ।)*

## राजनीतिक...

हुन्छ । त्यसैले प्रधानमन्त्री ओली प्रत्यक्ष वा परोक्ष रुपमा जसपासँग संवादमा छन् । मैथली भाषा समेत सटिक बोल्न सक्ने ओली जसपा नेता महन्थ ठाकुर र राजेन्द्र महतोसँग निकै नजिक छन् । उनले जसपालाई तीन विकल्प रोज्न आग्रह गरिरहेको सूत्र बताउँछ ।

ओलीले जसपालाई तत्कालै सरकारमा सहभागी हुन आग्रह गर्दै त्यसका लागि सम्मानजनक स्थान बनाउने वचन दिएका छन् । तर ओलीका प्रमुख विरोधी राजनीति गर्दै आएको जसपाले सरकारमा जाने निर्णय तत्कालै गर्न सकेको छैन । त्यसमाथि जसपा नेताहरू भट्टराई र यादवले ओलीसँग सहकार्य गर्न नहुने अडान राख्दै आएका छन् । त्यसैले महन्थ र महतोले ओली सरकारमा जाने निर्णय गर्न सकेका छैनन् । कुनै पनि कारणले वर्तमान सरकारमा सहभागी हुन नसकेमा पनि कांग्रेस र माओवादीसँग सहकार्य नगर्न जसपालाई ओलीको आग्रह छ । जसपाको समर्थन नपाएसम्म कांग्रेसले अविश्वास प्रस्ताव दर्ता गर्दैन, माओवादीले समर्थन फिर्ता लिँदैन । वर्तमान सरकारले निरन्तरता पाइरहन्छ । यसरी जसपाले सरकारलाई समर्थन नगरी पनि मौन बसेर समर्थन गर्न सक्छ । माओवादीले समर्थन फिर्ता लिएपछि ओलीले विश्वासको मत दर्ता गर्नुपर्नेछ । त्यस्तो अवस्थामा जसपाको साथ नपाएमा ओली सरकार ढल्न सक्छ । तर नयाँ सरकार बनाउन कांग्रेस र माओवादीको संख्या अपुरो हुन्छ । जसपाले हामी कसैलाई पनि समर्थन गर्दैनौं भनेको अवस्थामा वैकल्पिक सरकार नबन्ने अवस्था सिर्जना हुन्छ । नयाँ सरकार बन्न नसकेको अवस्थामा देश निर्वाचनमा जान सक्ने संवैधानिक व्यवस्था छ ।

लोकतान्त्रिक शासन प्रणालीमा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुने प्रचलन छ । केपी शर्मा ओली एमालेका अध्यक्ष र संसदीय दलको पनि नेता भएकाले सबभन्दा ठूलो दलको हैसियतमा प्रधानमन्त्रीमा निर्वाचित भएका हुन् । अहिले पनि संसदमा एमाले नै (१२० सिट) सबभन्दा ठूलो राजनीतिक दलको रुपमा रहेको छ । तर एमालेभित्र नेतृत्व टकरावको अवस्था उत्कर्षमा छ । एमाले वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुसाललाई ओलीले ६ महिनाका लागि साधारण सदस्यता समेत खोसेर पार्टीबाट गलहत्याइदिएका छन् ।

नेपाल-खनाल समूह देशव्यापी रुपमा समानान्तर कमिटीहरू बनाएर ओलीलाई चुनौती दिइरहेको छ । यो समूहसँग प्रतिनिधिसभामा ३८ सांसद छन् । प्रधानमन्त्री ओलीले संसदमा विश्वासको मत लिनुपर्ने अवस्था आएमा नेपाल पक्षका सांसदहरूले 'फ्लोर क्रस' गर्ने सम्भावना प्रबल छ । विश्वासको मत प्राप्त गर्न नसक्ने अवस्थामा प्रधानमन्त्रीको वैधानिक साख र गरिमा समाप्त हुन्छ । यसकारण आपसी दलीय संवाद र अन्तरदलीय साझा सहमति प्रधानमन्त्री ओलीका लागि आवश्यक छ । दुई वा सोभन्दा बढी दल मिल्दा सरकार त बन्छ तर त्यस्तो सरकार अस्थिर हुने गर्छ । हङ पार्लियामेन्टका कारण सरकार फेरबदल हुन सक्ने अवस्था रहन्छ र राज्यका प्राथमिकताहरू गतिशील हुन सक्दैन ।

हङ पार्लियामेन्ट र सहमतीय सरकार संसदीय लोकतन्त्रको परिस्थितिगत उपज हो । यसको एउटा भनेको कार्यकारी अंगमा कुनै अमुक दल विशेषको स्वेच्छाचारिता र निरंकुशता हावी हुने खतरा रहँदैन तर अन्तरदलीय सहमति भंग भएको अवस्थामा सरकार निर्माण र सत्ताको अभ्यासमै महत्वपूर्ण समय खेर जान्छ । विकास र निर्माणका कार्यहरू लगायत जनजीविकाका सवालहरू ओझेलमा पर्छन् । सरकार अस्थिर रहने जोखिम रहन्छ भने राष्ट्रिय सवालमा महत्वपूर्ण निर्णयहरू गर्ने क्रममा दलहरूका आआफ्नै झुकावका कारण फरक दृष्टिकोण आउने र सहमति नजुट्ने अवस्था आउँछ । नेपाली जनताले कम्युनिस्टहरूलाई दुईतिहाई नजिक मत दिएर विगतको अस्थिर राजनीतिलाई स्थिरता त दिए तर कम्युनिस्ट नेताहरू आपसमा झगडा गरेर जनअभिमतको अपमान मात्र गरेनन् देशलाई नै अनिर्णयको बन्दी अवस्थामा धकेलिदिएका छन् ।

अहिले राजनीतिक दलहरू नयाँ सरकार निर्माण गर्न सकिरहेका छैनन् भने प्रधानमन्त्री ओली मौका पाउनासाथ पुनः संसद विघटन गरेर मध्यावधि निर्वाचनमा जाने तयारीमा देखिएका छन् । यही कारण माओवादीले समर्थन झिकेको छैन । ओलीले जसपाका नेता ठाकुर र महतोलाई आफूलाई समर्थन गरे केही समयपछि सत्ता नेतृत्वको 'ललीपप' समेत देखाएको विश्लेषण गरिँदैछ । उधारो सहमति नगर्ने नगदमा जाने भन्दै आएका मधेस केन्द्रित नेताहरू ओली वा कांग्रेस, माओवादी गठबन्धन भन्ने निष्कर्षमा नपुग्दा राजनीतिक अन्यौल अझै लम्बिने देखिन्छ ।

## सांसदमाथि...

हटाएको दल त्यागसम्बन्धी सूचना प्रदेशसभा बैठकमा गराएसँगै सांसदद्वय दधिराम नेउपाने र दिनेश पन्थीको पद गुमेको छ । यी दुवै एमालेमा प्रवेश गरेपछि माओवादीले कारबाही गरेको हो । माओवादीले एमालेमा जाने सांसदहरूलाई हटाए पनि एमालेले भने त्यस्तो कारबाहीको प्रक्रिया अगाडि बढाएको छैन । वरिष्ठ नेता माधवकुमार नेपाल समूहका ३८ सांसद पनि कारबाहीमा परिने हो कि भनेर चिन्तित छन् । तर प्रधानमन्त्री ओली उनीहरूलाई कारबाही गर्नेभन्दा पनि आफूतिर तान्ने प्रयासमा बढी देखिएका छन् । यदि उनीहरू आफ्नो समूहमा नआए कारबाही गर्ने तयारी अघि बढाउने ओली निकट स्रोत बताउँछ । यदि यस्तो भए संसदीय राजनीतिमा विकृति आउने विश्लेषण गरिएको छ । पार्टी अनुशासन उल्लंघन गरेका नाममा आफूले परा गर्ने दायित्व पूरा नगरी शक्तिको आडमा हुने यस किसिमका कारबाही गतिविधिले पार्टीलाई भन्दा गुटलाई मात्र बढावा दिन्छ ।

प्रधानमन्त्री ओलीलाई भित्री रुपमा साथ दिएको भन्दै पार्टीभित्र कांग्रेस सभापति शेरबहादुर देउवाको पनि आलोचना भइरहेको छ । पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलले खुलेरै देउवाको विरोध गर्दै आएका छन् । ओली सरकार ढाल्नुपर्ने विषयमा पौडेल खुलेरै लागेका छन् । तर देउवाको रणनीति भने रहस्यमय नै छ । पार्टीले ओलीको राजीनामा माग्ने र आफ्नो नेतृत्वमा सरकार बनाउने निर्णय गर्दा पनि देउवाले नयाँ सत्ता समीकरणका लागि कुनै पहल गरेका छैनन् । बरु जनता समाजवादी पार्टीका नेताहरूसँग पौडेलले संवाद गरिरहेका छन् । तर परिणाम देखा परिसकेको छैन ।

प्रधानमन्त्री ओलीलाई औपचारिक रुपमा समर्थन गर्नुपर्ने अवस्था आइपरे जसपा एक ठाउँमा नउभिने देखिन्छ । त्यहाँ पनि सांसदलाई कारबाही हुने अवस्था निश्चित आउनेछ । लुम्बिनी प्रदेश मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने विषयमा जसपा विभाजित भएको छ । त्यहाँ मुख्यमन्त्री पोखरेललाई ठाकुर समूहले समर्थन गरेको छ । संसदमा कुनै पनि राजनीतिक दलले सांसदलाई निष्काशन गरेको पत्र पठाएपछि संसद अधिवेशन चालु रहेको अवस्थतामा १५ दिनभित्र संसद बैठकमा सभामुखले निष्काशन गरेको जानकारी गराउनुपर्छ । संसद अधिवेशन नभएको अवस्थामा सूचना जारी गरेर जानकारी गराउनु पर्ने प्रतिनिधिसभा नियमावली २०७५ मा व्यवस्था छ ।

## पोसाक...

अध्यक्ष सुरेन्द्र ढकाल आफैले गर्नु भएको थियो । प्रतिष्ठानकै अनुरोधमा सिभिल बैंक लिमिटेडले आफनो संस्थागत सामाजिक दायित्व अन्तर्गत सहयोग उपलब्ध गराएको हो । रु दुइलाखको सहयोग अन्तर्गत एक महिला शिक्षकको ८ महिनाको तलव तथा ३३ जना वालवालिकाहरूलाई पोशाकको ब्यवस्था गरिएको हो ।

## व्यापारघाटा...

भएको थियो । आयात निर्यातको हिसाबले नेपाललाई ८ महिनाको अवधिमा कुल व्यापार घाटा ८ खर्ब ६३ अर्ब २० करोड ९३ लाख ८९ हजार रुपैयाँको व्यापार घाटा भएको छ । गत वर्ष सो अवधिमा ८ खर्ब ४९ अर्बको व्यपार घाटा भएको थियो । भन्सार विभागका अनुसार ८ महिनामा १० खर्ब २४ अर्ब ७६ करोड ७१ लाख रुपैयाँको व्यापार कारोबार भएको छ । गतवर्ष यो ९ खर्ब ९९ अर्ब थियो ।

नेपालको कुल व्यापारमा ९२.१२ प्रतिशत आयात भएको छ भने ७.८८ प्रतिशत निर्यातको हिस्सा रहेको छ । यस अवधिमा आयात ५ प्रतिशतले बढेको छ । भन्सार विभागको तथ्यांकले आठ महिनामा २५ अर्ब रुपैयाँ बराबरको भटमासको कच्चा पदार्थ मात्र आयात भएको देखिन्छ । प्रशोधित तेल भने २३ अर्बको निर्यात भएको छ ।

पाम आयल आयातमा भारतले प्रतिबन्ध लगाएपछि व्यवसायीले भटमासको कच्चा पदार्थ आयात गरेर पुनः प्रशोधन गरी भारततर्फ निर्यात गर्ने गरेका छन् । नेपाली व्यवसायीले कच्चा भटमास ब्राजिल, अर्जेन्टिना र तेस्रो मुलुकबाट आयात गरेर यी वस्तु नेपालमा प्रशोधन गरी पुनः निर्यात गर्छन् । जवकी गत आर्थिक वर्षको आठ महिनामा ७ अर्ब ५२ करोड १५ लाख २८ हजार रुपैयाँको भटमासको कच्चा पदार्थ आयात भएको थियो । अघिल्लो वर्षको तुलनामा यो वर्ष २ सय ७ प्रतिशतले निर्यात बढेको छ ।

नेपालबाट निर्यात हुने वस्तुमा भटमासको तेल पहिलो नम्बरमा रहेको छ । भटमासको तेलले गर्दा चालू आवको आठ महिनामा निर्यात ७.८ प्रतिशतले बढेर ८० अर्ब ७७ करोड ८८ लाख ६१ हजारको निर्यात भएको छ । चालू आवकै अघिल्लो सात महिनासम्म निर्यात ७४ अर्ब ९० करोड ७९ लाख ४६ हजार थियो ।

नेपालबाट चिया निर्यात ६२ प्रतिशतले बढेर ३ अर्ब २१ लाख ८८ हजार रुपैयाँ बराबरको भएको छ । अघिल्लो वर्ष सो अवधिमा १ अर्ब ८५ करोड २४ लाख ३१ हजार रुपैयाँको चिया निर्यात भएको थियो । यस्तै आठ महिनामा अलैंची निर्यात ५३ प्रतिशतले बढेर ४ अर्ब ९५ करोड १९ लाख ९ हजार रुपैयाँको भएको विभागको तथ्यांक छ । अघिल्लो वर्ष ३ अर्ब २२ करोड ६१ लाख ७८ हजार रुपैयाँ बराबरको अलैंची निर्यात भएको थियो ।

उद्यमी व्यवसायी कमलेशकुमार अग्रवाल व्यापार घाटा गर्न आर्थिक नीति परिमार्जन गर्नुपर्ने बताउँछन् । व्यवसायी र देश विकासका लागि आर्थिक नीति समय सापेक्ष परिमार्जन हुनुपर्ने उनको ठम्याइ छ ।

नेपालको व्यापार घाटा रहेको मुलुकमा सबैभन्दा अग्रपंक्तिमा भारत रहेको छ । भारतसँगको व्यापार घाटा ८ खर्ब ६३ अर्ब २७ करोड रहेको छ । भारततर्फ नेपालबाट कुल ८० अर्ब ७७ करोड ८८ लाख ६१ हजारको निर्यात भएको छ । आयात भने ९ खर्ब ४४ अर्बको भएको छ । चीनसँगको व्यापार घाटा ५ खर्ब ६४ अर्ब १० करोड ८० लाख रुपैयाँको रहेको छ । नेपालको व्यापार घाटा हुनेहरूमा युनाइटेड अरब इमिरेट, अर्जेन्टिना, अमेरिका, क्यानाडा, इन्डोनेसिया, युक्रेन, कोरिया, अफ्रिका रहेका छन् । व्यापार फाइदा भएका मुलुकमा क्यालोडोनिया, मोन्टेन्ग्रो, कंगोलगायतका छन् ।

## काठमाडौं...

(एक्यूआई) ३३८ छ । भैंसेपाटीको २९५, रत्नपार्कमा २६५ र कीर्तिपुरमा २२४ छ । समयअनुसार यो केही तलमाथि भइरहेको छ ।

काठमाडौंका सबै प्रदूषण जाँच केन्द्रमा प्रदूषणको तह धेरै अस्वस्थकर वा सोभन्दा माथि छ । वातावरण विभागका अनुसार २०१ देखि ३०० एक्यूआई 'धेरै अस्वस्थकर' वायुको सूचक हो भने ३०१ देखि ४०० लाई 'खतरनाक' मानिन्छ ।

गत चैत १३मा पनि यस्तै नतिजा देखिएको थियो । सोमबार राति १०.०४ बजे काठमाडौंको एक्यूआई ३५३ पुगेको आईक्यूएअरले देखाएको छ । विश्वकै दोस्रो स्थानमा रहेको भारतको राजधानी दिल्लीको एक्यूआई २४६ छ ।

काठमाडौंभन्दा बढी प्रदूषण वीरगञ्ज र धनगढी क्षेत्रमा छ । कैलालीको धनगढीमा एक्यूआई ४३८ छ भने बाराको सिमरामा ४०० छ । पोखरामा एक्यूआई २०७ र रारामा २२२ छ । मौसम विज्ञान विभागका अनुसार साँझ काठमाडौंको भिजिबिलिटी २ किलोमिटरसम्म मात्रै छ ।

## एमनेस्टीको...

त्यस्तै अभिव्यक्ति स्वतन्त्रतालाई पनि गम्भीर असर पार्न सरकार प्रयासरत रहेको एमनेस्टीको टिप्पणी छ। 'अभिव्यक्ति स्वतन्त्रतालाई गम्भीर ढंगमा कुण्ठित गर्ने प्रावधानसहितका सरकारले ल्याएका मिडिया काउन्सिल विधेयक, आमसञ्चार विधेयक तथा सूचना प्रविधि विधेयकलगायतका विधेयकहरू संसद्मा विचाराधीन छन्,' प्रतिवेदनमा भनिएको छ।

एमनेस्टीले कोभिड- १९ का कारण लकडाउन भएपछि विदेशमा अलपत्र परेका लाखौं नेपाली आप्रवासी श्रमिकको अधिकार संरक्षण गर्न सरकार विफल भएको पनि निष्कर्ष निकालेको छ। त्यस्तै, क्वारेन्टिनमै महिला बलात्कृत भएको, क्वारेन्टिनमा श्रमिकको सुरक्षा र स्वास्थ्यको प्रत्याभूति नभएको प्रतिवेदनमा उल्लेख छ। धनुषामा प्रहरी हिरासतमा शम्भु सदा र कैलालीमा रोशन विकको मृत्यु भएको, तर प्रहरीमाथि पर्याप्त अनुसन्धान नभएको पनि एमनेस्टीले आरोप लगाएको छ।

चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले १० विपन्न चेपाङ परिवारको घरमा आगो लगाएर तथा हात्ती लगाएर घर भत्काइदिएर घरवास उठाएको विषय पनि प्रतिवेदनमा समेटिएको छ। एमनेस्टीले द्वन्द्वका समयमा राज्यका सुरक्षा बल र सशस्त्र विद्रोही समूहद्वारा गरिएका अपराधसम्बन्धी ६३ हजारभन्दा बढी उजुरी परेको, तर पीडितहरूलाई सत्य, न्याय र परिपूरण गर्न सरकार असफल भएको मूल्यांकन प्रतिवेदनले गरेको छ।

सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगहरू प्रभावकारी र स्वतन्त्र अनुसन्धान गर्न विफल भएको पनि एमनेस्टीको टिप्पणी छ। 'पीडितहरूसँग पर्याप्त परामर्श नगरी अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरूमा क्षमादान दिन मिल्ने कानुनको संशोधन नै नगरी दुई आयोगमा नयाँ आयुक्तहरूको नियुक्ति टुंगो लगाइएको छ,' एमनेस्टीले भनेको छ, 'द्वन्द्वकालीन अवधिमा संलग्न भएकालाई पूर्ण र स्वतन्त्र अनुसन्धानविना शक्तिशाली पदहरूमा नियुक्ति गर्ने कार्य जारी राखिएको छ।'

राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न घटनामा पीडक भनिएका दुई सय ८६ जनाको नाम सार्वजनिक गरेर जवाफदेही गराउने प्रयत्न गरे पनि सरकारले बेवास्ता गरेको एमनेस्टीले प्रतिवेदनमा उल्लेख गरेको छ।

## रोकिएन...

त्यति मात्र होइन, जिरिया थारूको १० कट्ठा र खटिक थारूका नाममा रहेको ७ कट्ठा जग्गा पनि एसएसबीको नियन्त्रणमा छ। नेपाली किसानको जग्गा सीमास्थित भारतीय सुरक्षा निकायले नियन्त्रण गर्दासमेत प्रशासनले चासो नदिएपछि २०७२ मंसिर २७ गते गृह मन्त्रालयमा लिखित उजुरी गरेका थिए तर मन्त्रालयले अहिलेसम्म समस्या समाधानतर्फ चासो नदेखाएको किसानले गुनासो गरे।

भारतीय घना जंगलसँगै जोडिएर २ सय ४५ वटा सीमास्तम्भ गाडिएका थिए। तीमध्ये मुख्य पाँचसहित ७२ वटा सीमास्तम्भ फेला नपरेको सशस्त्र सीमा प्रहरी बल ३१ नम्बर गणले जनाएको छ। मुख्य सीमास्तम्भमध्ये ६७१, ६७२, ६८१, ६९० र ६९३ फेला नपरेको गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक नरबहादुर रावतले बताए। उनका अनुसार ९ सहायक सीमास्तम्भ फेला परेका छैनन्। त्यसैगरी साना सीमास्तम्भ ५८ वटा फेला नपरेको बताए। विगतमा सातवटा सहायक सीमास्तम्भ र २५ वटा साना सीमास्तम्भ खोलाले बगाएको थियो। प्रमुख जिल्ला अधिकारी सन्तबहादुर सुनारले अतिक्रमित सीमाका सम्बन्धमा भारतीय समकक्षीसँग हुने बैठकमा कुरा उठाउने बताए।

## मुद्दा र...

भेट जारी छ । जसपाले मधेश आन्दोलनका क्रममा जिल्ला अदालतमा दर्ता गरिएका मुद्दा र बन्दीको विवरण गृह मन्त्रालय पठाएको छ। सत्ता समीकरणका लागि जसपाले मधेश आन्दोलनका क्रममा लगाइएका झूटा मुद्दा खारेज हुनुपर्ने, बन्दीको रिहाइ हुनुपर्ने, घाइतेको उपचार हुनुपर्ने संविधान संशोधन हुनुपर्ने र मधेश थारुहट आन्दोलनका क्रममा भएका घटनाबारे छानबिन गर्न बनेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग सरकारसमक्ष राखेको थियो ।

सोही माग पूरा गर्न सरकारले बन्दी रिहाइ प्रक्रिया अघि बढाएसँगै जसपाले मुद्दा र बन्दीको विवरण गृह मन्त्रालय पठाउन सुरु गरेको हो। जसपाले राखेका माग पूरा गर्न सरकारले बन्दी रिहाइ प्रक्रियासम्बन्धी कार्यविधिसमेत पास गरेको छ। .

## भावी आईजीपी...

डीआईजीद्वय राई र श्रेष्ठले आगामी २६ माघमा अनिवार्य अवकाश पाउने छन् । म्याद थप नभएको अवस्थामा राईले खनालपछि सशस्त्रको नेतृत्व लिनेछन् ।

स्रोतका अनुसार, एआईजीद्वय केसी र पौडेलको म्याद थपसम्बन्धी फाइल अघि नबढाउन सशस्त्र नेतृत्वमाथि चर्को दबाब परेको छ । केसी र पौडेल आईजीपी खनालकै ब्याची भएकाले एक जनाको कार्यकाल सकेपछि सोही ब्याचका अर्को व्यक्तिलाई आईजीपी बनाउन नहुने भन्दै अन्य वरिष्ठ अधिकृतले पनि लविङ थालेका छन् ।

सशस्त्र प्रहरीमा पछिल्लो पटक २०७२ सालमा सशस्त्र प्रहरी नियमावली लागू भएपछि अहिलेसम्म पनि विशिष्ट श्रेणीमा कार्यरत व्यक्तिको पदावधि थप गरिएको छैन । यद्यपि, प्रथम श्रेणी (डीआईजी) हुँदा सुरजकुमार श्रेष्ठ, बाबुराम पाण्डे र अरविन्द धितालको पदावधि थपिएको थियो । विशिष्ट श्रेणीको पदावधि थप्दा अन्य अधिकृतहरूको वृत्ति विकासमा गम्भीर असर पर्ने, नेतृत्वलाई काम गर्न अप्ठेरो हुने मत पनि सशस्त्रमा बलियो हुदै गएको छ ।